# उपमहानगर विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना

२०८३-२०८७ (सन् २०२६-२०३०)

**जीतपुरसिमरा उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, जीतपुर**

बारा, मधेश प्रदेश

२०८३ असार

# विषयसूची


अध्याय १ः पृष्ठभूमि ..... ३

१.१ जीतपुरसिमरा उपमहानगरपालिकाको सङ्क्षिप्त परिचय ..... ३

१.२ उपमहानगरपालिकाको जोखिमको अवस्था ..... ३

१.२.१ बाढी कटान तथा डुवान ..... ३

१.२.२ भूकम्प ..... ५

१.२.३ पहिरो ..... ५

१.२.४ आगलागी ..... ६

१.२.५ वन्यजन्तुको आक्रमण/मानिस र वन्यजन्तुबीचको द्वन्द्व ..... ६

१.२.६ चट्याङ ..... ६

१.२.७ महामारी ..... ६

१.३ नेपालमा विपद् जोखिम न्यूनीकरणका लागि भएका कानूनी व्यवस्था ..... ७

१.३.१ संवैधानिक व्यवस्था ..... ७

१.३.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ..... ७

१.३.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ..... ८

१.३.४ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ ..... ८

१.३.५ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० ..... ८

१.३.६ भू तथा जलाधार संरक्षण ऐन ..... ९

१.३.७ राष्ट्रिय योजनामामा विपद् व्यवस्थापन ..... ९

१.३.८ राष्ट्रिय कृषि नीति ..... ११

१.३.९ औद्योगिक कृषि नीति ..... ११

१.३.१० विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन ..... ११

अध्याय २ः रणनीतिक कार्ययोजनाको परिचय ..... १२

२.१ कार्ययोजनाको परिचय ..... १२

२.२ कार्ययोजना तर्जुमा प्रक्रिया ..... १२

२. ३ मार्गदर्शक सिद्धान्त ..... १२

२. ४ दीर्घकालीन सोच, अपेक्षित परिणाम, लक्ष्य, उद्देश्य ..... १३

२. ५ रणनीतिक लक्ष्य ..... १४

२. ६ रणनीतिक प्राथमिकता ..... १५

अध्याय ३ः रणनीतिक कार्ययोजना ..... १६

३.१ प्राथमिकता प्राप्त क्षेत्र १ः विपद् जोखिमबारे बुझाइ अभिवृद्धि ..... १६

रणनीति १ः बहुविपद् जोखिम पहिचान, नक्साङ्कन र सम्प्रेषण ..... १६

रणनीति २ः विपद् व्यवस्थापन सूचना प्रणालीको विकास ..... १८

रणनीति ३ः विपद् जोखिम ज्ञान व्यवस्थापन ..... १८

३.२ प्राथमिकता प्राप्त क्षेत्र २ः विपद् जोखिम शासकीय पद्धतिको विकास ..... १९

रणनीति ४ः संस्थागत विकास र एवं सुदृढीकरण ....................................................................२०
रणनीति ५ः समन्वय संयन्त्रको विकास......................................................................................२२
रणनीति ६ः समावेशी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन...............................................२३
३.३ प्राथमिकता प्राप्त क्षेत्र ३ः विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक र निजी क्षेत्रको लगानी प्रवर्द्धन....२४
रणनीति ७ः विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक र निजी क्षेत्रको लागानी प्रवर्द्धन.......................२४
रणनीति ८ः विपद् जोखिम हस्तान्तरण......................................................................................३०
रणनीति ९ः समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रमको प्रवर्द्धन .......................................३१
३.४ प्राथमिकता प्राप्त क्षेत्र ४ः प्रभावकारी विपद् पूर्वतयारी...........................................................३२
रणनीति १०ः प्रभावकारी प्रतिकार्यका लागि सशक्त विपद् पूर्वतयारी...........................................३२
रणनीति ११ः बहू-प्रकोप पूर्वसूचना प्रणालीको विकास .............................................................३५
रणनति १२ः विपद् प्रतिकार्य क्षमता विकास..............................................................................३७
रणनीति १३ : "अझ राम्रो र बलीयो निर्माण" सहित पुनःस्थापना र पुनर्निर्माण ................................३९
अध्याय ४ः...................................................................................................................४०
वित्तीय व्यवस्था र अनुगमन तथा मूल्याङ्कन............................................................................४०
४.१ वित्तीय व्यवस्थाः ...................................................................................................४०
४.२ रणनीतिक कार्ययोजनाको कार्यान्वयन .........................................................................४१
४.३ अनुगमन तथा मूल्याङ्कनः...........................................................................................४२
४.४ पुनरावलोकन र अध्यावधिकः......................................................................................४२

# अध्याय १ः पृष्ठभूमि

## १.१ जीतपुरसिमरा उपमहानगरपालिकाको सङ्क्षिप्त परिचय

नेपालको मधेश प्रदेशमा अवस्थित जीतपुरसिमरा उपमहानगरपालिका मुलुकभरका ११ उपमहानगरपालिका मध्ये एक हो । साविकको भवानीपुरजीतपुर, पिपरासिमरा, डुमरवाना, फत्तेपुर र छातापिपरा गाविसलाई समेटेर १६ वटा वडा भएको गढीमाई नगरपालिका बनाइएको थियो । राज्य पुनर्संरचनाको क्रममा गढीमाई नगरपालिकाबाट जीतपुरसिमरा उपमहानगरपालिकामा परिणत भएको यस उपमहानगरपालिकामा साविकका गढीमाई नगरपालिकामा मनहर्वा गाविसका वडा नं १, २, ३, ७, ८, ९, ईनर्वासिरा गाविस पुरै, अमलेखगञ्ज गाविस पुरै, रामपुर टोकनी गाविसको वडा नं ३, प्रष्टोका गाविसको वडा नं १, २ र हरैया गाविसको वडा नं १ मिलाएर २४ वटा वडा भएको जीतपुरसिमरा उपमहानगरपालिका बनाइएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार जीतपुरसिमरा उपमहानगरपालिकाको २५,६५० घरधुरीमा १,२७,३०७ जनसंख्या रहेको छ भने क्षेत्रफल ३१२.२ वर्ग किलोमिटर छ । यस उपमहानगरपालिकाको पूर्वमा निजगढ नगरपालिका र कोल्हवी नगरपालिका, पश्चिममा पर्सा जिल्लाको पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्र र वीरगञ्ज महानगरपालिका, उत्तरमा मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका र दक्षिणमा परवानीपुर गाउँपालिका, प्रसौनी गाउँपालिका, कलैया उपमहानगरपालिका र करैयामाई गाउँपालिका रहेका छन् ।

यो उपमहानगरपालिका नेपालकै एक सुन्दर तथा विविध साँस्कृतिक विविधता भएको शहर हो । विविध जाति तथा जनजातिहरूको बसोबास स्थल र कला, साहित्य, संस्कृति तथा खेलकुदको क्षेत्रमा ख्याति प्राप्त जीतपुरसिमरा हाल आएर शिक्षा, स्वास्थ्य, पर्यटकीय तथा व्यापारिक पूर्वाधारयुक्त सुन्दर सहरको रूपमा विकास हुँदै मधेश प्रदेशको मात्र नभइ नेपालकै नमूना नगरपालिका बन्न प्रयासरत छ ।

## १.२ उपमहानगरपालिकाको जोखिमको अवस्था

जीतपुरसिमरा उपमहानगरपालिका एक वहुप्रकोपीय जोखिम भएको उपमहानगरपालिका हो । भूकम्प, बाढी, पहिरो, आगलागी तथा डढेलो, शीतलहर, हावाहुरी, चट्याङ, असिना, वन्यजन्तुको आक्रमणजस्ता विपद्का कारण मानिस, भौतिक पूर्वाधार, सामाजिक, आर्थिक र प्राकृतिक सम्पत्तिमा हुने क्षतिका कारण समग्र विकास प्रक्रियामा अवरोध उत्पन्न गरेको छ । जलवायु परिवर्तनका कारण हुने अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टिले गर्दा बाढी, डुवान, पहिरो, खडेरीका साथै हुरीबतास, चट्याङ, शीतलहर, तातो हावाको लहर, पशु तथा बालीमा लाग्ने रोग र मानिसमा हुने बिभिन्न सरुवारोग र महामारी जस्ता घटनाको आवृत्ति र त्यसबाट हुने क्षतिको मात्रा बढिरहेको छ । आगलागीका साथै यातायात, औद्योगिक, विद्युतीय दुर्घटना, प्रदूषणजस्ता मानवकृत विपद्को जोखिम समेत बढ्दै गएको छ । प्राकृतिक स्रोतको दोहन, अव्यवस्थित शहरीकरण, विकास प्रक्रियामा विपद् जोखिम संवेदनशीलताको अभाव, जनचेतनाको कमीका कारण प्रदेशमा विपद्जन्य जोखिम बढ्दो क्रममा छ । (स्रोतः वडास्तरीय कार्यशाला २०८३)

### १.२.१ बाढी कटान तथा डुवान

नेपालमा साना ठूला गरेर ६,००० भन्दा बढी नदीहरू छन् जसको कूल लम्बाइ करिब ४५ हजार किलोमिटर छ । यी नदीहरू स्वच्छ पिउनेपानी, सरसफाइ, सिँचाइ, ऊर्जा उत्पादन, जल यातायात लगायत आर्थिक विकासका मेरुदण्डका रूपमा रहेका छन् । तथापि, यिनै नदीले हरेक वर्षको मनसुनमा जनजीवन

अस्तव्यस्त मात्र बनाउँदैनन् विनाशलीला मच्चाउँछन् । प्रत्येक वर्षको आषाढ, श्रावण, भाद्र र आश्विनको पहिलो साता गरी करिब साढे तीन महिना आउने बाढीले मानवीय तथा भौतिक सम्पत्तिमा गर्ने क्षति विनाशकारी रहने गरेको छ ।

**दुधौरा खोलाः** उपमहानगरपालिकाको सबैभन्दा उत्तरमा रहेको वडा नं २२ को चुरे लगायतका भागहरु देखि शुरु भएर चुरे खोला, चुहार खोला, ढल्के खोला, सञ्ज खोला ३ नम्बर पुल बस्तीमा आएर मिसिन्छन् । सो भन्दा पश्चिमबाट आउने बिजोरीखोला १ नम्बर पुलको केही तल मिसिन्छ र दुधौरा खोला बन्छ । दुधौरा खोला वडा नं २१, ४, ५, ८ र २४ को पूर्व र वडा नं १, १४, ११, २० र १९ को पश्चिम सिमाना कायम गरेर बग्छ । यस खोलाले उल्लेखित वडाहरुमा जमिन कटान पटान तथा डुवानको अवस्था सिर्जना गरेको छ ।

**बालगंगा खोलाः** वडा नं २२ को स्कूलटोल माथिबाट अटेरखोला र त्यसको पूर्वबाट आउने मुलखोला नयाँबस्ती भन्दा तल आएर मिसिन्छ र बालगंगा खोला भएर बग्छ । सो भन्दा तल आएर वडा नं १, १५, १३ र १२ को पूर्व र वडा नं १६ र १८ को पश्चिम सिमाना कायम गरेर बग्छ । यस खोलाले उल्लेखित वडाहरुमा जमिन कटान पटान तथा डुवानको अवस्था सिर्जना गरेको छ ।

**पसाहा खोलाः** वडा नं २२ को पहाडबाट शुरु भएर पूर्वी सिमाना कायम गर्दै आएको बंगेटी खोला तल आएर पसाहा खोला बन्छ र निजगढ नगरपालिका सँग सिमाना कायम गर्दै यस पालिकाको वडा नं १६ र १८ को पूर्वबाट र १७ को पश्चिम हुँदै बग्छ । यस खोलाले उल्लेखित वडाहरुमा जमिन कटान, पटान तथा डुवानको अवस्था सिर्जना गरेको छ ।


**सिर्सिया खोलाः** जीतपुरसिमरा उपमहानगरपालिकाको वडा नं २ बाट शुरु भएर वडा नं ५, ७, ८, ९, १० र २३ हुँदै दक्षिणतर्फ प्रवाहित हुन्छ । यस खोलाको कटान र डुवानका अतिरिक्त वडाको माथिल्लो भागमा रहेका उद्योगहरुबाट निस्कने केमिकलयुक्त प्रदूषित पानीका कारण अत्यन्तै प्रदूषित बनेको छ । स्थानीय नागरिकहरुका अनुसार पहिले यो खोलाको पानी पिउन लुगाधुन सिँचाइ गर्न पशुचौपायाहरुलाई खुवाउन उपयुक्त स्वच्छ र सफा थियो । औद्योगिक प्रदूषण मिसिएपछि हाल पिउन त टाढाको कुरा खेतबारीमा सिँचाइ गर्न समेत नमिल्ने भएको छ । यो पानीको प्रयोगले बाख्रा बस्तुले यो पानी खाएर धेरै मरेका छन् । बालीमा लगाउँदा बाली विरुवा डढेर मरेका छन् । यो पानीका कारण धेरै जनालाई छाला सम्बन्धी समस्या देखा परिरहेको छ । दुर्गन्धका कारण आसपासका क्षेत्रमा बस्न नै समस्या भएको छ ।

**कियासोती खोलाः** यस पालिकाको पश्चिममा पर्सा जिल्लासँग सिमाना कायम गरेर बगेको छ । यसको माथिल्लो क्षेत्र जङ्गल छ भने तल्लो क्षेत्रमा वडा नं ७, ९ र २३ को पश्चिमबाट बग्दछ ।

उपमहानगरपालिकाको भौगोलिक क्षेत्रभित्र भएर वग्ने यस्ता खहरे खोलाहरु र खोलाको नजिक संकटासन्न अवस्था, खोला किनारमा अव्यवस्थित रुपमा रहेका भौतिक संरचनाले गर्दा वर्षातको समयमा विपद्को अवस्था सृजना हुने गरेको छ ।

यसका अतिरिक्त बाहुनी (वडा नं १, ४), भाङ्ग्रे (वडा नं २), सिमाना (वडा नं ३), नकटी (वडा नं ६), भलवाही (वडा नं ६), कठौनी (वडा नं १५), खप्चे (वडा नं १५), बेङ्गाई (वडा नं १५), काँठ (वडा नं १७), बंगेरी (वडा नं ), डोरा (वडा नं १९), किर्किच्चा (वडा नं १९), कठोह (वडा नं २०) लगायतका अन्य साना खोलाहरु पनि उपमहानगरपालिका क्षेत्रमा रहेका छन् ।

जीतपुरसिमराका सबै २४ वटा वडामा ६३ वटा टोलका १,७३१ घरहरु बाढीको जोखिममा रहेका छन् । त्यसमध्ये ५१ घरहरु स्थानान्तरण गर्नुपर्ने अवस्थामा छन् । विगत १० वर्षमा बाढीको घटनामा परेर १५ जनाको मृत्यु भएको थियो भने ६५० घरहरु क्षति भएका थिए । (स्रोतः वडास्तरीय कार्यशाला २०८३)



जीतपुरसिमरा उपमहानगरपालिकाको नदी प्रणाली

## १.२.२ भूकम्प

वि. सं. १९९० माघ २ गतेको ८.४ रिक्टर स्केलको महाभूकम्पको केन्द्रविन्दू (संखुवासभाको चैनपुर) रहेको यो प्रदेशमा वि. सं. २०७२ वैशाख १२ गते गोरखा केन्द्रविन्दु भएको ७.६ रिक्टर स्केलको विनाशकारी भूकम्प, २०७२ साल वैशाख २९ गते सिन्धुपाल्चोक केन्द्रविन्दु भएको ७.३ रिक्टर स्केलको ठूलो पराकम्पन र त्यसपछि निरन्तर गएका साना ठूला पराकम्पनका कारण नेपालमा जनधनको व्यापक क्षति भयो । नेपालको मधेश प्रदेश भूकम्पबाट अपेक्षित सुरक्षित रहेतापनि यस भूकम्पमा बारा जिल्लामा २ जनाको मृत्यु, ६२ जना घाइते, एउटा सार्वजनिक संरचना र ५० घरहरु पूर्णरुपमा क्षति भएका थिए ।

जीतपुरसिमरा उपमहानगरपालिकाले भूकम्प प्रतिरोधी भवन निर्माण, भवन आचार संहितालाई लागु गरेपछि एक भूकम्प प्रतिरोधी शहरको रुपमा विकसित हुँदै गएको पाइन्छ । यद्यपी पहिले नै वनेका संरचनाहरु अझै पनि जोखिममा नै रहेका छन् ।

## १.२.३ पहिरो

प्राकृतिक प्रकोपका घटनाहरूमध्ये पहिरो समग्र नेपालकै समस्या हो । जीतपुरसिमरा पनि समथर क्षेत्रका अतिरिक्त केही पहाडी भाग समेत समेटिएकोले पहिरोको उच्च जोखिममा छ । वडा नं २२ सामान्यतया ३० डिग्री भन्दा बढी भिरालोपना भएकोले पहिरोको प्रकोप हुने गरेको र पहिरोको प्रकोप नजिकै संकटासन्न अवस्थामा रहेका वस्तीहरुको कारणले गर्दा पनि कुनै कुनै वर्ष धनजनको क्षति भै विपद्को अवस्था सृजना गरेको छ । (स्रोतः वडास्तरीय कार्यशाला २०८३)

### १.२.४ आगलागी
जीतपुरसिमराको विगत १० वर्षको तथ्याङ्क अनुसार जीतपुरसिमरामा आगलागीका घटनामा २ जनाको मृत्यु भएको थियो । आगलागीका कारण करोडौंको आर्थिक क्षति भएको देखिन्छ ।

जीतपुरसिमराको सहरी क्षेत्रमा बाक्ला घर भएका र ग्रामीण क्षेत्रका बाक्ला कच्ची घरमा हुने आगलागी विनाशकारी हुने गरेको छ । जनचेतनाको अभाव, आगोको प्रयोगमा लापरवाही तथा राम्ररी वायरिङ नगरिएका र पुरानो वायररिङ भएका घरमा विद्युत् सर्किट सट भएर आगलागी हुने गरेको छ । (स्रोतः वडास्तरीय कार्यशाला २०८३)

### १.२.५ वन्यजन्तुको आक्रमण/मानिस र वन्यजन्तुबीचको द्वन्द्व
वन्यजन्तुहरूलाई जङ्गलमा पर्याप्त खाना र पानी नहुनु, माँसाहारी जनावरको कमी र साकाहारी जङ्गली जनावरको संख्यामा बृद्धि हुनु, वनजङ्गलमा मानिसको चहलपहल बढ्नु, जङ्गलको खानेकुरा भन्दा मानिसले लगाएको बाली मीठो लागेर बानी पर्नु, मानिसले दिएकोखानेकुराले पल्किनु, सामुदायिक वनमा झाडी हटाउनु, जङ्गल नजिकै वस्तीहरू हुनु र वन्यजन्तुहरूको स्वाभावमा परिवर्तन भइ आक्रामक बन्दै जानु जस्ता कारणहरूबाट जीतपुरसिमरा उपमहानगरपालिका वडा नं १, २, ३, ४, १४, १५, १६, १७, २१ र २२ का वनको नजिकमा रहेका बस्तीहरुमा बाघ, हात्ती, गैंडा, चितुवा, चित्तल, बँदेल, बाँदर आदिको आक्रमणबाट धनजनको क्षति हुने गरेको छ। अन्य वडाहरुमा पनि निलगाई, बँदेल जस्ता जनावरहरु आक्कलझुक्कल देखा पर्ने र बालीनालीमा क्षति तथा नोक्सानी गर्ने गरेका छन् । साथमा सबै वडाहरुमा सामुदायिक कुकुरहरुको आतङ्क पनि बढ्न थालेको छ ।
१० बर्षमा वन्यजन्तुका कारण २६ जनाको मृत्यु र २८४ जना घाइते भएको तथ्याङ्क छ। (स्रोतः वडास्तरीय कार्यशाला २०८३)

### १.२.६ चट्याङ
अध्ययनले संसारमै चट्याङका तीन हटस्पटमध्ये नेपाललाई एक मानेको छ । नेपालमा धेरै चट्याङ परेर मानवीय आर्थिक तथा भौतिक क्षति हुने गरेको छ । नेपालमा सबैभन्दा बढी मानवीय क्षति चट्याङका कारणबाट हुने गरेको छ । जीतपुरसिमरामा विगत १० वर्षमा चट्याङका घटनामा १२ जनाको मृत्यु, ३५ जना घाइते भएका र करोडौंको आर्थिक क्षति भएको छ। (स्रोतः वडास्तरीय कार्यशाला २०८३)

### १.२.७ महामारी
मनसुनका बेला पानी र जीवाणुबाट संक्रमण हुने रोगका कारण वर्षेनी धेरैको ज्यान जाने गरेको छ। झाडापखाला, हैजा, कमलपित्त, श्वासप्रश्वास सम्बन्धी रोगबाट र मनसुनको समयमा डेङ्गु, कालाज्वर, झाडापखाला जस्ता पानीबाट हुने रोगहरुका कारण बर्षेनी ठूलो मानवीय क्षती हुने गरेको छ।दुषित पानीको प्रयोग, जिवाणुहरुको संक्रमण, खाद्य असुरक्षा, सचेतनाको कमीलगायतका कारण महामारीका घटनाहरु दोहोरिरहेका छन् । पर्याप्त जनचेतनाको कमीका कारण र खानेपानीका स्रोतमा बाढी पसेर पानी प्रदुषित भइ यस्ता घटना हुने गरेका छन् । विगत १० वर्षमा महामारीका कारण १५ जनाको मृत्यु भएको थियो । (स्रोतः वडास्तरीय कार्यशाला २०८३)

यसका साथै जीतपुरसिमरामा सुख्खा खडेरी, सर्पदंश (विगत १० वर्षमा ५० जनाको मृत्यु २७ जना घाइते), सडक दुर्घटना (विगत १० वर्षमा २४७८ जनाको मृत्यु ६२६ जना घाइते), विद्युत दुर्घटना (विगत १०

वर्षमा ३४ जनाको मृत्यु ७१ जना घाइते), हुरीबतासलगायतका घटनाहरुबाट जनधनको क्षति हुने गरेको छ । (स्रोतः वडास्तरीय कार्यशाला २०८३)

जीतपुरसिमरा उपमहानगरपालिका नेपालकै प्रशिद्ध औद्योगिक र व्यापारिक क्षेत्र हो । सैयौंको संख्यामा रहेका उद्योगहरु मध्ये केही उद्योगहरुबाट उत्सर्जन हुने धुवाँ, धुलो र छाईंका कारण वायु प्रदूषण भइरहेको छ भने रसायनयुक्त पानी प्रशोधन नगरी खोलामा पठाइएकोले व्यापकरुपमा जल प्रदूषण हुने गरेको छ । निरन्तर वृद्धि हुँदै गएको शहरीकरणले पनि वातावरण प्रदूषण बढ्दै गएको छ जसका कारण डेङ्गु, कालाजार, औलो लगायतका विभिन्न प्रकारका महामारी पनि बढ्ने क्रममा देखिएका छन् ।

उपमहानगरपालिका जोखिममा रहनुको मूल कारण देहायअनुसार रहेका छन्:

(क) स्वच्छ नगरको विकासमा कामहरु भइरहेका तर अझै पनि नागरिक चेतनाको कमी रहेको ।

(ख) उपमहानगरपालिकाले संविधान र कानून प्रदत्त जिम्मेवारी पूर्णरूपमा कार्यान्वयन गर्ने कार्य प्रारम्भ भएको तर वन्यजन्तु आतङ्क, बाढी तथा डुवानको जोखिम न्यूनीकरणका पर्याप्त कामहरु गर्न नसकिएको ।

(ग)विपद् जोखिम र यसको न्यूनीकरणबारे बुझाइको कमी रहेको ।

(घ)विकासका विषयगत क्षेत्रमा जोखिम न्यूनीकरण मूलप्रवाहीकरणको अवधारणाको विकास कमजोर रहेको ।

(ङ)परम्परागत रुपमा कार्य गर्ने शैलीमा परिवर्तन ल्याउन कठिन भएको।

देशकै महत्वपूर्ण औद्योगिक र व्यापारिक क्षेत्रका रूपमा विकसित भएको यस उपमहानगरलाई सबै प्रकारका विपदबाट सुरक्षित, उत्थानशील र समृद्ध तुल्याउँदै विपद् जोखिम न्यूनीकरणलाई संस्थागत गर्नु आवश्यक भएकोले “विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना, २०८३” तर्जुमा गरेको छ ।

## १.३ नेपालमा विपद् जोखिम न्यूनीकरणका लागि भएका कानूनी व्यवस्था

### १.३.१ संवैधानिक व्यवस्था

नेपालको संविधानले विपद् जोखिम व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ । संविधानले विपद् व्यवस्थापनसँग सम्बन्धित विषयलाई तीनवटै तहको साझा अधिकार र स्थानीय तहको एकल अधिकारको रूपमा परिभाषित गर्दै भूमिका र जिम्मेवारी बाँडफाँड गरेको छः ।

### १.३.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सङ्घीय संसदबाट २०७४ साल असोजमा पारित भई कार्यान्वयनमा आएको छ । यस ऐनले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका सबै पक्षलाई समेटेको छ । ऐनका आधारभूत पक्ष देहायअनुसार रहेका छन्:

१. **गतिशीलताः** आपत्कालीन समयमा तीनवटै सरकार क्रियाशील हुने र विकास योजनामा जोखिम न्यूनीकरणका कार्यलाई तीनवटै सरकारले अवलम्बन गर्ने सुनिश्चित गरेको छ ।

२. **संस्थागत र समितिगत स्वरूपः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद र तीनवटै सरकारमा तहगत समितिको क्रियाशीलता, विशेषज्ञ समितिको प्रावधान, राष्ट्रिय विपद् जोखिम

न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना हुने व्यवस्थाले विपद् व्यवस्थापनका लागि समिति र संस्थागत दुवै स्वरूपबाट काम हुने व्यवस्था छ ।

३. **कोषको व्यवस्थाः** आपत्कालीन समयमा मानवीय सहयोग परिचालन प्रभावकारी बनाउन सरकारका तीनवटै तहमा विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालन हुनेछ ।

४. **आधुनिकः** ऐनले विपद्को परिभाषालाई विस्तृत रूप दिएको छ । यसले विपद्लाई प्राकृतिक र गैरप्राकृतिक विपद्को रूपमा वर्गीकरण गरेको छ भने जोखिम हस्तान्तरणका विधिलाई प्राथमिकता दिँदै उत्थानशील समाजको विकासलाई प्रेरित गरेको छ ।

५. **जिम्मेवारीः** विपद्का समयमा सुरक्षा निकाय स्वतः परिचालित हुनुपर्ने, विपद् जोखिम न्यूनीकरणका कार्यमा नागरिक समाज, सार्वजनिक संस्था, व्यवसायिक प्रतिष्ठान र नागरिकको भूमिका तथा कर्तव्य तोक्ने काम गरेको छ ।

### १.३.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको काम, कर्तव्य र अधिकार अन्तर्गत विपद् व्यवस्थापन र सोसँग सम्बन्धित विषयलाई (परिच्छेद ३ को दफा ११ (न)) मा विभिन्न १२ वटा बुँदामा समेटेको छ । यस ऐनले संविधानका प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय सरकारलाई पूर्ण अधिकारसहित जिम्मेवारी दिएको छ ।

### १.३.४ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ स्वीकृत गरेको छ । विशेषगरी विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा, दिगो विकासका लक्ष्य, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झैतालगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा विश्वमञ्चमा नेपालले गरेको प्रतिबद्धताका साथै राष्ट्रिय आवश्यकता अनुरुप यस नीतिको निर्माण भएको छ । यसले मुलुकलाई विपदबाट उत्थानशील बनाउने दृष्टिकोणसहित दीर्घकालीन सोच, लक्ष्य, ध्येय र उद्देश्य लिएको छ। नीतिले विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने अठोट लिएको छ। विपदबाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको सङ्ख्या उल्लेख्य रूपले कम गर्नु, जिविकोपार्जनका स्रोतहरूका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वस्थ्य र शैक्षिक सुविधाजस्ता महत्वपूर्ण पूर्वाधार तथा आधारभूत क्षेत्रमा विपदबाट हुने क्षति एवं अवरोध कम गर्दै उत्थानशीलता अभिवृद्धि गर्नु र विपदबाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्नु यस नीतिको लक्ष्य रहेको छ ।

### १.३.५ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०

विपद् जोखिम न्यूनीकरण नीतिले तय गरेका उद्देश्य पूरा गर्न नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१८-२०३० तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। यो रणनीतिक कार्ययोजना विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा २०१५-२०३०, एशियाली मन्त्रीस्तरीय सम्मेलन २०१६ बाट पारित क्षेत्रीय योजना, विपद् जोखिम न्यूनीकरण विश्वव्यापी

कार्यमञ्चको पाचौं बैठकले पारित गरेको कानकुन घोषणा लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप तर्जुमा भएको छ ।

नेपालको विपद्को समग्र अवस्था, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीति २०६६ को कार्यान्वयनको समीक्षा र विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाको समीक्षा गर्दै रणनीतिलाई विपद् उत्थानशील समुदाय निर्माण गर्दै दिगो विकासका लक्षहरू हासिल गर्न सहयोग पुर्याउने र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यका लागि नेपाल सरकारको प्रतिवद्धता सहितको राष्ट्रिय दस्तावेजका रूपमा लिइएको छ । रणनीतिक कार्ययोजनाका मार्गदर्शक सिद्धान्त, दीर्घकालीन सोच, अपेक्षित परिणाम, उद्देश्य, लक्ष्य र प्राथमिकताप्राप्त क्षेत्रहरूलाई सङ्क्षिप्त रूपमा समेटिएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी राज्यको हुने, संघ, स्थानीय तह, सरोकारवाला सङ्घ संस्थाहरू, समुदाय, नागरिक, अन्तर्राष्ट्रिय संघसस्थाहरूको सहभागिता र सहयोगमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको काम गर्नेगरी कार्ययोजना तयार भएको छ। विपद् जोखिम व्यवस्थापनका कार्य गर्दा व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधन र सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकार र विकासको अधिकारलाई प्रवर्द्धन गरिने, विपद् जोखिम व्यवस्थापनको काम समाजका सबै पक्ष तथा क्षेत्रसँगको सहभागिता तथा साझेदारीमा गरिने र प्रभावित तथा सिमान्तीकृत समुदायको सशक्तीकरण गर्दै समावेशी पहुँचयुक्त तथा विभेदरहित सहभागिता सुनिश्चित गरिने व्यवस्था रणानीतिमा गरिएको छ । सङ्घीय सरकारका निकाय, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, दातृ निकाय र विकास साझेदारहरूको समेत भूमिका र जिम्मेवारी स्पष्ट गरेर कार्ययोजना तर्जुमा भएको छ ।

नेपाललाई विपद् जोखिमबाट सुरक्षित अनुकूलित तथा उत्थानशील राष्ट्रको रूपमा विकास गरी दिगो विकासमा योगदान पुर्याउने यस रणनीतिक कार्ययोजनाको दिर्घकालीन सोच रहेको छ । विपदबाट हुने मानवीय मृत्यु तथा प्रभावित व्यक्तिहरूको सङ्ख्या घटाउनु, जीविकोपार्जन, स्वास्थ्य, शिक्षाजस्ता आधारभूत सेवामा अबरोध उत्पन्न हुन नदिनेगरी जोखिम न्यूनीकरण गर्नु उक्त रणनीतिक कार्ययोजनाको उद्देश्य रहेको छ । यस कार्ययोजनाले विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी दिगो विकास लक्ष्य प्राप्तिका लागि चारओटा प्राथमिकता प्राप्त क्षेत्रहरूमा अठार ओटा रणनीतिक कार्यहरू निर्धारण गरेको छ । हरेक रणनीतिक कार्यहरूलाई अल्पकालीन, मध्यकालीन, दीर्घकालीन निरन्तर गरिने क्रियाकलापहरु पहिचान गरिएका छन् ।

### १.३.६ भू तथा जलाधार संरक्षण ऐन

भू तथा जलाधार संरक्षण ऐन, २०३९ मा बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको नियन्त्रण गरी भू तथा जलाधार संरक्षण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गरेको छ । जलस्रोत ऐन, २०४९ मा जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा प्रतिकूल असर नपर्ने गरी गर्नुपर्ने व्यवस्था छ ।

### १.३.७ राष्ट्रिय योजनामामा विपद् व्यवस्थापन

दशौं पञ्चवर्षीय योजना (२०५९—२०६४) ले विपद् व्यवस्थापनलाई अन्तरसम्बन्धित सवालको रूपमा अवलम्बन गरेको थियो । यस योजनाले जल उत्पन्न प्रकोप नियन्त्रण, प्राकृतिक तथा गैरप्राकृतिक विपद्को एकीकृत व्यवस्थापन, नीतिगत सुधार, संस्थागत संयन्त्रको विकास, विपद् जोखिम आँकलन र सूचना प्रवाह साथै विपद् प्रतिरोधी निर्माण अभ्यासमा जोड दिएको थियो ।

तीन वर्षे अन्तरिम योजना (२०६४-२०६७) ले विपद्लाई विकास लक्ष्यको प्राप्तिमा अवरोधको रूपमा पहिचान गरी विपद् जोखिम न्यूनीकरण दिगो विकासका लागि अनिवार्य रहेको स्वीकार गरेको थियो । योजनाले प्रमुख निकायहरू र सरोकारवालाहरू बीचको सहकार्य र समन्वयलाई जोड दिएको थियो । साथै चौधौं योजना (२०७३-२०७५) ले विपद् व्यवस्थापनलाई प्राथमिकता दिँदै आपत्कालीन खोज, उद्धार, उपचार तथा तत्काल राहतका लागि क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने तथा विपद् जोखिम न्यूनीकरणलाई विकासका सबै आयाम तथा चरणमा मूलप्रवाहीकरण गर्ने नीति लिएको थियो ।

**सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२—२०८५/८६)** ले विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील (Resilient) विकासलाई राष्ट्रिय प्राथमिकतामा राखेको छ।

**सोह्रौं योजनाको लक्ष्य**

- जलवायु तथा विपद् प्रतिरोधी विकास प्रणाली निर्माण।
- जनधनको क्षति न्यून गर्ने।
- वातावरणीय दिगोपना कायम राख्दै आर्थिक विकास हासिल गर्ने।
- उत्थानशील (Resilient), हरित र समावेशी अर्थतन्त्र निर्माण गर्ने।

**विपद् व्यवस्थापन सम्बन्धी व्यवस्था**

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई विकास योजनाको अभिन्न अङ्ग बनाउने।
- बाढी, पहिरो, डुबान, हिमताल विस्फोट, आगलागी, हावाहुरी, भूकम्प लगायतका विपद्को पूर्वतयारी र प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने।
- प्रारम्भिक सूचना प्रणाली (Early Warning System) विस्तार गर्ने।
- संघ, प्रदेश र स्थानीय तहबीच विपद् व्यवस्थापनको समन्वय सुदृढ गर्ने।
- जोखिमयुक्त बस्तीहरूको पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण तथा पुनर्स्थापना गर्ने।
- विपद् प्रतिरोधी पूर्वाधार निर्माण र पुनर्निर्माणलाई प्राथमिकता दिने।
- विपद् व्यवस्थापनमा समुदायको सहभागिता र क्षमता विकास गर्ने।

**जलवायु परिवर्तन सम्बन्धी व्यवस्था**

- जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणका कार्यक्रमलाई सबै क्षेत्रमा मूलप्रवाहीकरण (Mainstreaming) गर्ने।
- राष्ट्रिय रूपमा निर्धारित योगदान (NDC) तथा राष्ट्रिय अनुकूलन योजना (NAP) कार्यान्वयनलाई प्राथमिकता दिने।
- हरित, उत्थानशील र दिगो विकासको अवधारणा कार्यान्वयन गर्ने।
- वन संरक्षण, वृक्षारोपण तथा कार्बन उत्सर्जन न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्ने।
- नवीकरणीय ऊर्जा (जलविद्युत्, सौर्य, बायोग्यास आदि) को विस्तार गर्ने।

- जलवायु परिवर्तनबाट प्रभावित कृषि, जलस्रोत, स्वास्थ्य, पर्यटन र जैविक विविधताको संरक्षण तथा अनुकूलन कार्यक्रम सञ्चालन गर्ने।
- स्थानीय तहमा जलवायु अनुकूलन योजना र सामुदायिक आधारित कार्यक्रमलाई प्रोत्साहन गर्ने।

## १.३.८ राष्ट्रिय कृषि नीति

प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, संवर्द्धन एवं सदुपयोग गर्ने उद्देश्य राष्ट्रिय कृषि नीति, २०६१ ले लिएको थियो । यसमा प्राकृतिक प्रकोपका कारण हुने विपद्, अतिवृष्टि, अनावृष्टि, रोग, कीरा एवं अन्य विपद्को आँकलन र कृषि राहत परिचालनका लागि निगरानी प्रणाली स्थापित गरी क्रियाशील राखिने उल्लेख गरिएको थियो । हाल कार्यान्वयनमा रहेको कृषि विकास रणनीति (२०७२-२०९२) ले किसानहरूलाई जलवायु परिवर्तन र विपद् उत्थानशील बनाउन मौसम तथा जलवायु पूर्वसूचना प्रणालीको स्थापना, सुख्खा र पानी खप्न सक्ने जातको अनुसन्धान, किसान कल्याणकारी कोषको स्थापना, कृषि बीमाको प्रर्वद्धन, खाद्य, बिऊ र स्याउलाको भण्डारण व्यवस्था, पूर्वतयारी र प्रतिकार्य कोषको स्थापना आदि क्रियाकलापलाई प्राथमिकतामा राखेको छ ।

## १.३.९ औद्योगिक कृषि नीति

औद्योगिक नीति, २०६७ ले उद्योग व्यवसायमा आगलागीबाट हुने जोखिम कम गर्न स्थानीय गाउँपालिका र नगरपालिकासँगको समन्वयमा औद्योगिक क्षेत्र र कोरिडोरमा आधुनिक बारूण यन्त्रको व्यवस्था गर्ने तथा कुनै प्राकृतिक विपत्ति र सामाजिक सेवामा उद्योगले दिने अनुदान वा सहयोगमा आयकर छुट दिने व्यवस्था गरेको छ ।

## १.३.१० विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ जसलाई मुलुक सङ्घीय संरचनामा गएपछि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना भनिएकोछ, ले जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृयामा संलग्न सबै सरकारी निकायहरू, रेडक्रस, राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र  संयुक्त राष्ट्र संघीय निकायहरूलाई स्पष्ट जिम्मेवारी दिएको छ । यसको आधारमा सबै जिल्ला तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी काम गर्नु पर्नेछ ।

यस्तै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (संसोधन २०७६) ले स्थानीय तहहरुले पनि योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ ।

# अध्याय २: रणनीतिक कार्ययोजनाको परिचय

## २.१ कार्ययोजनाको परिचय

मधेश प्रदेशको सून्दर, ऐतिहासिक र पर्यटकीय नगरी जीतपुरसिमरा उपमहानगरपालिकामा नियमित भइरहने विपद् जोखिम कम गर्दै उत्थानशील समुदायको विकासद्वारा दिगो विकास लक्ष्यहरू हासिल गर्न यो विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयार गरिएको छ । कार्ययोजनाले प्राकृतिक र गैरप्राकृतिक कारणले हुने विपद् र जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम न्यूनीकरणलाई केन्द्रमा राखेर जीतपुरसिमरा उपमहानगरपालिकाको विपद् उत्थानशीलता अभिवृद्धिलाई जोड दिएको छ ।

प्रस्तुत रणनीतिक कार्ययोजना तर्जुमा गर्दा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (पहिलो संशोधन,२०७५), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१८-३० लाई मार्गदर्शक दस्तावेजका रूपमा लिइएको छ ।

## २.२ कार्ययोजना तर्जुमा प्रक्रिया

विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका माध्यमबाट उपमहानगरपालिकालाई उत्थानशील बनाउन उपमहानगरका सबै वडा र जोखिममा रहेका समुदायको दिगो विकासलाई प्रोत्साहित गर्न तयार यस रणनीतिक कार्ययोजनाको तयारीका लागि निम्न विधि अवलम्बन गरिएको छ:

(क) **विपद् व्यवस्थापन समितिको नेतृत्वः** जीतपुरसिमरा उपमहानगरपालिकाको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा उपमहानगरपालिका आफैंले निर्माण गर्ने गरी स्थानीय विपद् व्यवस्थापन समितिले नेतृत्व लिएको छ ।

(ख) **प्राविधिक सहयोग:** उपमहानगरपालिकाको विपद् जोखिम न्यूनीकरण नीति र विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयारीका लागि विपद् व्यवस्थापन क्षेत्रका विज्ञ सहजकर्ताबाट प्राविधिक सहयोग लिइएको छ ।

(ग) **प्रारम्भिक कार्यशाला:** उपमहानगरपालिकाको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयारीका लागि प्रारम्भिक कार्यशालाको आयोजना सम्पन्न गरियो । कार्यशालाले उपमहानगरपालिकाले तर्जुमा गर्ने विपद् जोखिम न्यूनीकरण नीति र विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनामा समावेश गर्नु पर्ने विषयमा सुझाव प्रस्तुत गर्यो । प्राप्त सुझावअनुसार नीतिको प्रारम्भिक मस्यौदा तयार भयो ।

(घ) **विषयगत समिति**बाट सुझाव सङ्कलन

(ङ) **विषयगत शाखा**हरुबाट पृष्ठपोषण

(च) **सरोकारवाला संघसंस्था तथा सुरक्षा निकाय**हरुबाट सुझाव सङ्कलन

(छ) **नगरस्तरीय** कार्यशालाबाट अन्तिम सुझाव तथा अनुमोदन

## २. ३ मार्गदर्शक सिद्धान्त

जीतपुरसिमरा उपमहानगरपालिकाको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयन गर्दा अवलम्बन गरिने मार्गदर्शक सिद्धान्तहरू देहायअनुसार रहनेछन्:

१. संघीय सरकार, प्रदेश सरकार र उपमहानगरपालिकाबाट लागू हुने कानुन र उपमहानगरपालिकाले लागू गर्ने विकास नीति तथा कानूनी व्यवस्थालाई आधार मानिनेछ।
२. उपमहानगरमा विपद् व्यवस्थापनका लागि सहजीकरण, नियन्त्रण तथा व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी उपमहानगर प्रमुखको हुनेछ । यो जिम्मेवारी पूरा गर्न उपमहानगरपालिकाले वातावरण तथा विपद् व्यवस्थापन शाखा र विपद् सम्पर्क व्यक्ति तोकेको छ । भविष्यमा उपमहानगरले आवश्यकताअनुसार थप संस्थागत विकास गर्नेछ ।
३. विपद् जोखिम न्यूनीकरणलाई प्रभावकारी बनाउन उपमहानगरपालिकाले संघ, प्रदेश, जिल्ला विपद् व्यवस्थापन समिति र वडाहरूसँगको समन्वयमा संस्थागत विकास गर्नेछ।
४. रणनीतिको कार्यान्वयनका लागि सार्वजनिक क्षेत्र, विकास साझेदार, सरोकारवाला सङ्घसंस्थाहरू तथा समुदाय, निजी क्षेत्र, नागरिक समाजको सहभागिता तथा सहयोगमा साझेदारी अभिवृद्धि गरिनेछ ।
५. प्रतिकार्यका क्रममा नगरवासीको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकार तथा विकासको अधिकारलाई संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।
६. विपद्को जोखिममा रहेका समुदायको उत्थानशीलता बढाएर विपद्को सामना गर्ने क्षमताको विकास गरिनेछ । त्यसका लागि आपत्कालीन समयमा गरिने मानवीय सेवाका क्रममा विशेषगरी जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका र अति गरीब समुदायलाई प्राथमिकतामा राखिने छ र सेवा प्रवाहमा उनीहरूको पहुँच बढाइनेछ ।
७. समावेशी विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता दिइनेछ र महिला तथा युवा नेतृत्वको निर्माण गरी आवश्यकतानुसार क्षमता विकास गरिनेछ ।
८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विज्ञान तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै स्थानीय श्रोत, साधन, ज्ञान, सीप तथा श्रमलाई उपयोग गर्दै प्रविधि हस्तान्तरणलाई प्रोत्साहन गरिनेछ ।
९. जलवायु परिवर्तन अनुकूलन, दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, विपद् ज्ञान व्यवस्थापनमा आधारित शिक्षा, वातावरण संरक्षण र विपद् उत्थानशील विकासबीच सामञ्जस्य कायम गरिनेछ ।

## २. ४ दीर्घकालीन सोच, अपेक्षित परिणाम, लक्ष्य, उद्देश्य

(क) **दीर्घकालीन सोचः**

विपद् र जलवायुजन्य जोखिमबाट सुरक्षित र अनुकूलित तथा विपद् उत्थानशील उपमहानगरपालिकाको विकासद्वारा दिगो विकास लक्ष्य प्राप्त गर्नु ।

(ख) **ध्येय:**

विपद् संवेदनशील विकासका माध्यमबाट जोखिम न्यूनीकरण गर्दै विपद् र जलवायु परिवर्तनको असरबाट सुरक्षित र समृद्ध उपमहानगरपालिकाको विकास गर्नु ।

(ग) **उद्देश्यः**

(१) प्राकृतिक तथा गैरप्राकृतिक विपद्को जोखिम न्यूनीकरण गर्दै मानव जीवन, मानवीय सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधन, भौतिक पूर्वाधार, सामाजिक, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षति कम गरी विपद् उत्थानशील उपमहानगरपालिकाको विकास गर्नु,

(२) नियमित विकास योजना तर्जुमा तथा कार्यान्वयनमा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्नु,

(३) प्रतिकार्य, पुनर्निर्माण र पुनःस्थापनामा "अझ बलियो र अझ राम्रो" निर्माणलाई प्रभावकारी बनाउन पूर्वतयारीलाई बलियो बनाउनु ।

**(घ) अपेक्षित परिणामः**

(१) विपद् र जलवायु उत्थानशीलता अभिवृद्धि भई विषयगत क्षेत्रको विकासमा भएको लगानीको प्रतिफल सुनिश्चित भएको हुनेछ ।

(२) निजी तथा सार्वजनिक लगानी र सम्पत्ति, जीविकोपार्जनका साधन, स्वास्थ्य, शिक्षाजस्ता आधारभूत क्षेत्रमा जोखिम न्यूनीकरण भएको हुनेछ ।

(३) विपद उत्थानशील भौतिक पूर्वाधारको निर्माण भएर मानवीय मृत्यु तथा प्रभावित व्यक्तिहरूको सङ्ख्यामा कमी आएको हुनेछ ।

(४) नियमित विकास योजनामा विपद् र जलवायुजन्य जोखिम न्यून भई विपद् उत्थानशील उपमहानगरको विकास भएको हुनेछ ।

## २. ५ रणनीतिक लक्ष्य

विपद् संवेदनशील विकास योजनाको निर्माण र कार्यान्वयनका माध्यमबाट जोखिम न्यूनीकरण गरी विपद् उत्थानशील उपमहानगरपालिकाको विकास गर्न २०८७ साल सम्मका लागि देहायअनुसार लक्ष्य निर्धारण गरिएको छः

(क) मध्यम स्तरको विपदबाट हुने मानवीय मृत्यु शून्यमा र ठूला विपद्बाट हुने मानवीय मृत्यु कम गर्ने ।

(ख) मध्यम तहको विपदबाट प्रभावित हुने मानिसको सङ्ख्या शून्यमा झार्ने र ठूलो विपदका कारण हुने मानवीय विस्थापनलाई न्यून गर्ने ।

(ग) जीवन निर्वाहका साधन, स्वास्थ्य, शिक्षालगायतका आधारभूत सेवाप्रदायक क्षेत्रमा हुने क्षति तथा नोक्सान लाई न्यून गर्ने ।

(घ) सडक दुर्घटनाबाट हुने मानवीय मृत्यु र घाइतेको सङ्ख्यामा ५० प्रतिशतमा सीमित गर्ने।

(ङ) विपदबाट सरकारी, सार्वजनिक र निजी भवन तथा घरमा हुने क्षति घटाउने ।

(च) मध्यम स्तरको विपदबाट स्वास्थ्य संस्था र शिक्षालयमा हुने क्षतिलाई शून्य बनाउने र ठूला विपदबाट हुने क्षतिलाई घटाउने ।

(छ) स्थानीय विपद्को उच्च जोखिममा रहेका ४० समुदायमा सामुदायिक विपद् व्यवस्थापन समिति मार्फत् विपद् तथा जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने ।

(ज) उपमहानगरपालिका भएर बग्ने दुधौरा, बालगंगा र पसाहा खोलामा पूर्व चेतावनी प्रणाली स्थापना गरी माथिल्लो र तल्लो तटीय क्षेत्रमा सूचना प्रवाह गर्ने ।

(झ) विपद् प्रभावित क्षेत्रका सबै परिवारमा पूर्वसूचना प्राप्त गर्ने सङ्ख्या शतप्रतिशत बनाउने ।

## २. ६ रणनीतिक प्राथमिकता

उल्लिखित लक्ष्य प्राप्तिका लागि देहायबमोजिमका प्राथमिकता प्राप्त क्षेत्र, रणनीति र रणनीतिक क्रियाकलाप पहिचान गरिएका छन् । रणनीतिक कार्यको कार्यान्वयनको लागि अध्याय ३ विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

**प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि**

रणनीति १: बहुविपद् जोखिम पहिचान, नक्साङ्कन र सम्प्रेषण

रणनीति २: विपद् व्यवस्थापन सूचना प्रणालीको विकास

रणनीति ३: विपद् जोखिम सूचना र ज्ञान व्यवस्थापन

**प्राथमिकता प्राप्त क्षेत्र २: विपद् जोखिम शासकीय पद्धतिको विकास**

रणनीति ४: संस्थागत विकास एवं सुदृढीकरण

रणनीति ५: समन्वय संयन्त्रको विकास

रणनीति ६: समावेशी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

**प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम संवेदनशील लगानी प्रवर्द्धन**

रणनीति ७: विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक र निजी क्षेत्रको लगानी प्रवर्द्धन

रणनीति ८: विपद् जोखिम हस्तान्तरण

रणनीति ९: समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रमको प्रवर्द्धन

**प्राथमिकता प्राप्त क्षेत्र ४: प्रभावकारी विपद् पूर्वतयारी**

रणनीति १०: प्रभावकारी विपद् प्रतिकार्यका लागि सशक्त पूर्वतयारी

रणनीति ११: बहू-प्रकोप पूर्वसूचना प्रणालीको विकास र विस्तार

रणनीति १२: विपद् प्रतिकार्य क्षमता विकास

रणनीति १३: “अझ राम्रो र बलियो निर्माण” सहित पुनर्निर्माण र पुनःस्थापना

# अध्याय ३: रणनीतिक कार्ययोजना

विपद् र जलवायुजन्य जोखिम न्यूनीकरण गरी उत्थानशील उपमहानगरपालिकाको विकासका लागि ४ ओटा प्राथमिकता प्राप्त क्षेत्र र ती प्राथमिकता प्राप्त क्षेत्रअन्तर्गत १३ वटा रणनीति पहिचान गरिएका छन् । यस रणनीतिक कार्ययोजनाले उपमहानगरको उत्थानशील विकासका माध्यमबाट राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना र उपमहानगर विपद् उत्थानशील रणनीतिक कार्ययोजनाले लिएका लक्ष्य पूर्तिमा पनि सहयोग गर्नेछ । यस रणनीतिले लिएका प्राथमिकता प्राप्त क्षेत्र र सो अन्तर्गत पहिचान भएका रणनीति एवं रणनीतिक कार्ययोजना देहायअनुसार छ:

## ३.१ प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि

विपद् जोखिमबारे बुझाइ विस्तार गर्न उपमहानगरपालिकाको भौगोलिक, सामाजिक, आर्थिक, प्राविधिक अवस्था तथा स्थानीय ज्ञान, सीप, प्रविधिका आधारमा प्रकोपको प्रकार, प्रकृति, बारम्बारता तथा त्यसले पार्ने प्रभावको लेखाजोखा र नक्साङ्कन गरिनेछ । पहिचान भएका नतिजालाई उपमहानगरका सबै समुदायमा सम्प्रेषण गरी सचेतना र ज्ञानको प्रवर्द्धन मार्फत् जोखिम न्यूनीकरण गर्ने लक्ष्य यस प्राथमिकता प्राप्त क्षेत्रको दायराभित्र राखिएको छ । यसका लागि निम्न रणनीति अपनाएर कार्यक्रम सञ्चालन गरिनेछ:

**रणनीति १: बहुविपद् जोखिम पहिचान, नक्साङ्कन र सम्प्रेषण**

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | **देहायका प्रकोपको छुट्टा-छुट्टै प्रकृति, बारम्बारता र स्तर एवं प्रभाव तथा कारणसमेत समेटेर सङ्कटासन्नता र क्षमता लेखाजोखा गरी जोखिम पहिचान गरिनेछ:**<br>• भूकम्प<br>• बाढी कटान एवं डुवान<br>• आगलागी<br>• महामारी र प्याण्डामिक महामारी<br>• जनावर आतङ्क<br>• हुरीबतास<br>• सडक दुर्घटना<br>• विद्युतीय दुर्घटना<br>• चट्याङ<br>• सुख्खा खडेरी<br>• वातावरण प्रदूषण<br>• सर्पदंश | उपमहानगरमा हुनसक्ने विपद् र तिनबाट उत्पन्न हुने जोखिम एवं कारण पहिचाबारे अभिलेख तयार भएर नगरबासीले त्यसको जानकारी पाएका हुनेछन्। | हालै आँशिक रुपमा भएको र यसलाई आवधिक रुपमा अद्यावधिक गरिने | वातावरण तथा विपद् व्यवस्थापन शाखा | • विषयगत शाखाहरू<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विकास साझेदार<br>• ट्राफिक प्रहरी |

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | • असिना | | | | |
| २ | **विपद् जोखिम संवेदनशील भूउपयोग योजना:**<br>बहूविपद् जोखिम न्यूनीकरण गर्न समेत उपयुक्त हुनेगरी जोखिम संवेदनशील भूउपयोग योजना तयार गरी कार्यान्वयन गर्ने | उपमहानगरको जोखिम संवेदनशील भूउपयोग योजना तयार भएर कार्यान्वयन भएको हुनेछ । | २०८३ साल | • वातावरण तथा विपद् व्यवस्थापन शाखा | • योजना तथा पूर्वाधार विकास महाशाखा<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ३ | **विकासका विषयगत क्षेत्रको जोखिम लेखाजोखा:**<br>कृषि, पशुपालन, शिक्षा, स्वास्थ्य, पर्यटन, उद्योग, सञ्चार, भौतिक पूर्वाधार लगायतका विकासका विषयगत क्षेत्रमा रहेको वा हुनसक्ने जोखिमको पहिचान र नक्साङ्कन गर्ने | विकासका विषयगत क्षेत्रमा विपद् र त्यसको सम्भावित प्रभावबारे सबैले जानकारी पाएका हुनेछन् । | नियमित | • वातावरण तथा विपद् व्यवस्थापन शाखा | • योजना तथा पूर्वाधार विकास महाशाखा<br>• सबै विषयगत शाखा र शाखा |
| ४ | **जलवायु परिवर्तनको प्रभाव लेखाजोखा:**<br>जलवायु परिवर्तनबाट उत्पन्न विपद् जोखिमको पहिचान र नक्साङ्कन गर्ने र सूचना सम्प्रेषण गर्ने | जलवायु परिवर्तन र त्यसबाट उत्पन्न हुनसक्ने जोखिमबारे नगरवासी जानकार भएका हुनेछन् । | नियमित | • वातावरण तथा विपद् व्यवस्थापन शाखा | • कृषि विकास शाखा<br>• विकास साझेदार |
| ५ | **एकीकृत विपद् जोखिम अभिलेख:**<br>तयार भएको छुट्टा छुट्टै जोखिम नक्साङ्कनलाई एकीकृत गरी उच्च, मध्यम र न्यून सङ्कटासन्न र जोखिम क्षेत्रको एकीकृत नक्सा, विवरण र अभिलेख तयार गर्ने । | उपमहानगरमा बहूविपद् जोखिम नक्साङ्कन भएको हुनेछ । | २०८३ सालमा भएको र आवधिक रुपमा गरिने | • वातावरण तथा विपद् व्यवस्थापन शाखा | • योजना तथा पूर्वाधार विकास महाशाखा<br>• प्राज्ञिक निकाय<br>• विकास साझेदार |
| ६ | **सूचना सम्प्रेषण र जनचेतना अभिवृद्धि:**<br>विपद् जोखिम अभिलेखलाई सरल भाषा तथा अपाङ्गतामैत्री र सबैको पहुँच सुनिश्चित हुने विधि र प्रक्रियाबाट सम्प्रेषण गर्ने । | विपद् जोखिमबारे सबै वर्गले जानकारी प्राप्त गरेका हुनेछन् । | नियमित | • वातावरण तथा विपद् व्यवस्थापन शाखा | • उपमहानगरका सम्बन्धित शाखा<br>• नेपाल रेडक्रस<br>• विकास साझेदार<br>• नागरिक समाज |

## रणनीति २: विपद् व्यवस्थापन सूचना प्रणालीको विकास

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७ | **विपद् व्यवस्थापन सूचना प्रणालीको विकास:** उपमहानगरको विपद् व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने र केन्द्र र प्रदेश सरकारबाट तयार सूचना प्रणालीसँग सञ्जालीकरण गर्ने | उपमहानगरबासीमा विपद् र जलवायु परिवर्तनसम्बन्धी सूचना तथा विस्तृत तथ्याङ्क उपलब्ध भएको हुनेछ | नियमित | • सूचना प्रविधि तथा तथ्याङ्क शाखा<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • जल तथा मौसम विज्ञान कार्यालय<br>• विकास साझेदार |
| ८ | **नागरिक सचेतना अभिवृद्धि:** विभिन्न सञ्चार माध्यमसँगको साझेदारी सामाजिक सञ्जालमार्फत् उपमहानगरवासीलाई विपद् र जलवायु परिवर्तनबाट उत्पन्न जोखिमबारे जानकारी सम्प्रेषण गर्ने । | विपद् जोखिम तथा जलवायु परिवर्तनबारे नागरिकमा सचेतना अभिवृद्धि भएको हुनेछ । | नियमित | • प्रशासन महाशाखा<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • आर्थिक प्रशासन शाखा<br>• सञ्चारमाध्यम<br>• नागरिक समाज<br>• नगर उपभोक्ता समितिहरू |
| ९ | **सूचना साझेदारी:** विपद् जोखिमबारे आम समुदायमा नियमित सूचना सम्प्रेषण गरी सचेतना अभिवृद्धि गर्न सूचना साझेदारीको अवधारणाबाट नागरिक समाज, समुदायमा आधारित संगठनहरू, विकास साझेदार, राजनीतिक दल र तिनका भातृ सङ्गठनहरूबीच सहकार्य संयन्त्र विकास गर्ने। | विपद् जोखिम तथा जलवायु परिवर्तनबारे जनमानसमा सचेतना अभिवृद्धि मार्फत विपद्को सामना क्षमता विकास भएको हुनेछ । | नियमित | • वातावरण तथा विपद् व्यवस्थापन शाखा | • विषयगत शाखा र शाखाहरू<br>• सञ्चारमाध्यम<br>• निजी क्षेत्र<br>• विकास साझेदार<br>• नागरिक समाज |

## रणनीति ३: विपद् जोखिम ज्ञान व्यवस्थापन

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १० | **शैक्षिक पाठ्यक्रममा विपद् जोखिम व्यवस्थापन:** सबै तहका विद्यालयका पाठ्यक्रममा विपद् र | सबै तहका शिक्षालयमा विपद् जोखिम व्यवस्थापनबारे | २०८३ साल र निरन्तर | • शिक्षा युवा तथा खेलकुद शाखा | • सामाजिकविकास मन्त्रालय<br>• वातावरण तथा विपद् |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | जलवायुजन्य जोखिम न्यूनीकरण तथा व्यवस्थापन विषयका पाठ्यक्रम निर्माण गरी अध्यापन गराउने | पठनपाठनबाट दक्ष जनशक्तिको विकास भएको हुनेछ । | | | व्यवस्थापन शाखा<br>• नेपाल रेडक्रस<br>• विकास साझेदार |
| ११ | **अध्ययन तथा अनुसन्धान:** विपद् र जलवायु परिवर्तनबाट उत्पन्न हुने जोखिमबारे अध्ययन तथा अनुसन्धान गर्ने । | उपमहानगरका सबै क्षेत्रमा हुने विपद्का विशिष्टीकृत जोखिम पहिचान भई जोखिम न्यूनीकरणका कार्य अघि बढेका हुनेछन् | नियमित | • वातावरण तथा विपद् व्यवस्थापन शाखा | • प्राज्ञिक निकाय<br>• अनुसन्धान सँग सम्बन्धित प्रतिष्ठानहरू<br>• विश्वविद्यालयहरू<br>• विकास साझेदार |
| १२ | **अभिलेखीकरण, प्रकाशन र प्रशारण:** विपद् र जलवायु परिवर्तको जोखिम नक्साङ्कन तथा लेखाजोखाबाट प्राप्त नतिजा, अनुसन्धान प्रतिवेदनहरू प्रकाशन र आम सञ्चारमाध्यमबाट प्रशारण तथा सम्प्रेषण गर्ने । | विपद् र जलवायु परिवर्तन सम्बन्धमा भएका अध्ययन, अनुसन्धान र अभ्यासको प्रशारण भई ज्ञान प्रवाह भएको हुनेछ । | नियमित | • सूचना प्रविधि तथा तथ्याङ्क शाखा | • वातावरण तथा विपद् व्यवस्थापन शाखा<br>• आर्थिक प्रशासन शाखा |
| १३ | **सिकाइ केन्द्र स्थापना:** विपद् र जलवायुजन्य जोखिम न्यूनीकरण सम्बन्धी नियमित जानकारी र ज्ञान प्रवाहका लागि उपमहानगरमा सिकाई केन्द्रको स्थापना गर्ने । | उपमहानगरमा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी ज्ञानको प्रवर्द्धन भएको हुनेछ | २०८५ सम्ममा | • प्रशासन महाशाखा<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • शहरी योजना तथा विकास शाखा<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विकास साझेदार |

## ३.२ प्राथमिकता प्राप्त क्षेत्र २ः विपद् जोखिम शासकीय पद्धतिको विकास

विपद् जोखिम शासकीय पद्धतिले विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरणमा नागरिकको चासो र प्रत्यक्ष सहभागितालाई सुनिश्चित गर्दछ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नागरिकको कानूनी अधिकार र दायित्वबारे जानकार बनाउने र गुनासो तथा मतभेदको सम्बोधन गर्नका लागि नीतिगत, संस्थागत व्यवस्था तथा संयन्त्रको विकास र समन्वयलाई सहज बनाउने भूमिका पनि यस अन्तर्गत पर्दछ । विपद् जोखिम शासकीय पद्धतिले विपदबाट सुरक्षित रहन, पूर्वतयारी गर्न,

व्यवस्थापन गर्न र पुनर्लाभका चरणमा काम गर्ने साधन, स्रोत र क्षमता जुटाउने कुरा सुनिश्चित गर्दछ । यस क्षेत्रअन्तर्गत निम्न ३ ओटा रणनीति लिएर उपमहानगरपालिकाले कार्य गर्नेछ:

## रणनीति ४: संस्थागत विकास र एवं सुदृढीकरण

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १४ | **विपद् व्यवस्थापन शाखा स्थापना:** विपद् उत्थानशील उपमहानगरको विकासका लागि अधिकारसम्पन्न उपमहानगर विपद् व्यवस्थापन शाखा स्थापना गर्ने । | विपद् उत्थानशील उपमहानगरको विकासका लागि संस्थागत व्यवस्था सुदृढ भएको हुनेछ । | स्थापना भइसकेको र निरन्तरता दिने । | • स्थानीय विपद् व्यवस्थापन समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति | • उपमहानगर कार्यपालिका<br>• नगरसभा<br>• विकास साझेदार |
| १५ | **आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना:** उपमहानगरमा आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी प्रदेश र केन्द्रीय आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग सञ्जालीकरण गर्ने। | आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापनाले विपद् व्यवस्थापन सुदृढ भएको हुनेछ । | २०८३ सालमा स्थापना र सञ्जालीकरण गर्ने | • स्थानीय विपद् व्यवस्थापन समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • नगर कार्यपालिका<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विकास साझेदार |
| १६ | **वडामा इकाई गठन:** उपमहानगरपालिकाका सबै वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति स्थापना गर्ने | सबै वडामा सञ्चालन हुने कार्यक्रममा विपद् जोखिम न्यूनीकरण प्रभावकारी भएको हुनेछ । | २०८३ साल | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• वडा समिति | • नगर कार्यपालिका<br>• नगरसभा<br>• विकास साझेदार |
| १७ | **युवा स्वयंसेवक इकाई गठन र परिचालन:** उपमहानगरपालिकको सबै वडामा वडास्तरीय युवा | सबै वडामा सञ्चालन हुने कार्यक्रम र विपद् प्रतिकार्य तथा विपद् जोखिम | २०८३ साल | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत | • नगर कार्यपालिका<br>• नगरसभा |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | स्वयंसेवक समूह र उपमहानगरस्तरीय युवा स्वयंसेवक सञ्जालको स्थापना गर्ने र क्षमता विकास गरी सुरक्षा निकायको समन्वयमा तयारी अवस्थामा राख्ने। | न्यूनीकरण प्रभावकारी भएको हुनेछ । | | समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • विकास साझेदार |
| १८ | **क्षेत्रगत भूमिका निर्धारण:** उपमहानगरका विषयगत शाखा र वडाहरू, उद्योग, व्यापार, सञ्चार र नागरिकको भूमिका र जिम्मेवारी निर्धारण गर्ने । | उपमहानगर मातहतका निकाय र सरोकारवालाको कार्यजिम्मेवारी स्पष्ट भएको हुनेछ । | २०८३ साल | वातावरण तथा विपद् व्यवस्थापन शाखा | • विषयगत शाखाहरु<br>• निजी क्षेत्र<br>• सञ्चारमाध्यम<br>• विकास साझेदार |
| १९ | **अनुगमन इकाईको स्थापना:** सार्वजनिक सेवा तथा पूर्वाधारहरूमा विपद् जोखिम व्यवस्थापनलाई सुनिश्चित गर्न नागरिकको सहभागिता रहेको अनुगमन इकाई गठन गर्ने । | अनुगमन तथा मूल्याङ्कनमा भएका कार्यको अनुगमन मूल्याङ्कनद्वारा विपद् उत्थानशीलताका लागि गर्नुपर्ने कार्यमा सुधार भएको हुनेछ। | २०८३ | • उपमहानगर प्रमुख<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • नगर कार्यपालिका<br>• नगर सभा |
| २० | **सम्मान तथा पुरस्कारको व्यवस्था:** विपद् जोखिम व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने व्यक्ति तथा संस्थालाई सम्मान वा प्रोत्साहनका लागि कदर, पुरस्कार आदिको व्यवस्था गर्ने । | विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा उत्कृष्ट कार्य गर्ने वातावरण तयार भएको हुनेछ । | नियमित | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति | • वातावरण तथा विपद् व्यवस्थापन शाखा<br>• आर्थिक प्रशासन शाखा<br>• निजी क्षेत्र |
| २१ | **सडक सुरक्षा इकाई:** उपमहानगरमा सडक सुरक्षालाई सुनिश्चित गर्न सुरक्षा निकाय र नागरिक प्रतिनिधिको समेत सहभागितामा उपमहानगर सडक सुरक्षा इकाई गठन गर्ने | उपमहानगरमा सडक दुर्घटना न्यूनीकरण भई सडक सुशासन कायम भएको हुनेछ । | २०८३ | • योजना तथा पूर्वाधार विकास महाशाखा | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• ट्राफिक प्रहरी |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २२ | **नीतिगत व्यवस्थामा सुधार:** विपद् जोखिम न्यूनीकरण नीति र यस रणनीतिको कार्यान्वयनका लागि आवश्यक पर्ने मार्गदर्शन, कार्यविधि र निर्देशिका तयार गरिनेछ । | उपमहानगर विपद् जोखिम न्यूनीकरण नीति, ऐन र यस रणनीतिको प्रभावकारी कार्यान्वयन भएको हुनेछ। | मार्गदर्शन, कार्यविधि र निर्देशिका तयार भएको र नियमित कार्यान्वयन गर्दै जाने । | • स्थानीय विपद् व्यवस्थापन समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति | • नगर कार्यपालिका<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विकास साझेदार |

## रणनीति ५: समन्वय संयन्त्रको विकास

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २३ | **समन्वय इकाईको स्थापना:** विपद् जोखिम न्यूनीकरण र पूर्वतयारी एवं आपत्कालीन समयमा खोज, उद्धार र मानवीय सहायतालाई प्रभावकारी बनाउन आपत्कालीन कार्य सञ्चालन अन्तर्गत विशेष समन्वय इकाई स्थापना गर्ने । | उपमहानगरपालिकाका विषयगत क्षेत्र र अन्य निकायसँग प्रभावकारी समन्वय भएको हुनेछ । | २०८३ | • स्थानीय विपद् व्यवस्थापन समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • नगर कार्यपालिका<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• जिल्ला विपद् व्यवस्थापन समिति |
| २४ | **सूचना व्यवस्थापन:** विपद् जोखिम न्यूनीकरण तथा आपत्कालिन अवस्थामा सूचना व्यवस्थापनका लागि उपमहानगर आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई केन्द्र, जिल्ला र अन्य स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग समन्वय तथा सूचना आदानप्रदान गर्ने सक्षम बनाउने । | विपद् जोखिम र आपत्कालीन समयका सबै सूचना आदानका लागि समन्वय र सहकार्य भएर सूचना सम्प्रेषण प्रभावकारी भएको हुनेछ । | नियमित | • वातावरण तथा विपद् व्यवस्थापन शाखा<br>• सूचना प्रविधि तथा तथ्याङ्क शाखा | • जिल्ला र प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रहरु<br>• विकास साझेदार<br>• सञ्चारकर्मी र सञ्चारमाध्यम |
| २५ | **अन्तर समन्वय:** विपद् जोखिम न्यूनीकरणलाई साझा रूपमा अघि बढाउन | छिमेकी सँग समेत समन्वय भएर सूचना प्रणाली सुदृढ र साझा | २०८३ साल | • वातावरण तथा विपद् व्यवस्थापन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय |

| | | | | | |
|---|---|---|---|---|---|
| | दुधौरा, सिर्सिया, बालगंगा, पसाहा लगायतका खोलाको माथिल्लो र तल्लो तटीय क्षेत्रबीच समन्वयका लागि साझा मञ्चको विकास गर्ने । | र प्रभावकारी रूपमा विपद् जोखिम न्यूनीकरण भएको हुनेछ । | | शाखा | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• जिल्ला समन्वय समिति |

## रणनीति ६: समावेशी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २६ | **समावेशी पद्धतिको सुनिश्चितता:**<br>विपद् जोखिम व्यवस्थापनका सबै प्रक्रिया र कार्यमा लैङ्गिक संवेदनशील र समावेशी पद्धति कार्यान्वयनमा ल्याउने । | उपमहानगरका सबै तहमा विपद् जोखिम व्यवस्थापन लैङ्गिक मैत्री भएर सबै वर्ग विपदबाट उत्थानशील भएका हुनेछन् । | नियमित | • सामाजिक तथा आर्थिक विकास महाशाखा | • वातावरण तथा विपद् व्यवस्थापन शाखा<br>• सबै विषयगत महाशाखा र शाखा<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार |
| २७ | **नीति निर्माणमा सहभागिता:**<br>विपद् जोखिम व्यवस्थापन सम्बन्धी नीति र कार्यक्रम निर्माणमा जोखिममा रहेका नागरिकको अर्थपूर्ण सहभागिताको लागि सामाजिक परिचालनका कार्यक्रमहरू सञ्चालन गर्ने | विपद् जोखिम व्यवस्थापन सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा प्रक्रियामा विपद्को उच्च जोखिममा रहेका समूहका प्रतिनिधि सहभागी भएका हुनेछन् । | नियमित | • सामाजिक तथा आर्थिक विकास महाशाखा | • वातावरण तथा विपद् व्यवस्थापन शाखा<br>• सबै विषयगत महाशाखा र शाखा<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार<br>• वडा कार्यालयहरू |
| २८ | **सुशासनको सुनिश्चितता:**<br>विपदको जोखिममा रहेका समुदायलाई विपद् व्यवस्थापनका सबै चरणमा सहभागिता गराई क्षमता विकासद्वारा साझेदारी प्रवर्द्धनका माध्यमबाट शासकीय पद्धतिमा आबद्ध गर्ने । | उपमहानगरका सबै तह, तप्का र वर्गका नागरिक विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यमा सक्रिय भएर उत्थानशीलता अभिवृद्धिमा सहभागी भएका हुनेछन् । | नियमित | सामाजिक तथा आर्थिक विकास महाशाखा | • वातावरण तथा विपद् व्यवस्थापन शाखा<br>• सबै विषयगत महाशाखा र शाखा<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार |
| २९ | **विशेष वर्ग लक्षित कार्यक्रम:**<br>समाजका सीमान्तीकृत | सीमान्तीकृत समूहमा विपद् जोखिम व्यवस्थापनका कार्य | नियमित | सामाजिक तथा आर्थिक विकास | • वातावरण तथा विपद् व्यवस्थापन शाखा |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | समूह, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूका लागि प्राथमिकताका आधारमा विशेष कार्यक्रमहरूको विकास गरी सञ्चालन गर्ने । | सञ्चालन भएर विपद् उत्थानशीलता अभिवृद्धि भएको हुनेछ । | | महाशाखा | • सबै विषयगत महाशाखा र शाखा<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार |

## ३.३ प्राथमिकता प्राप्त क्षेत्र ३ः विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक र निजी क्षेत्रको लगानी प्रवर्द्धन

विपद् उत्थानशील उपमहानगरको विकासका लागि जोखिम न्यूनीकरणका विभिन्न पक्षमा लगानी बढाउनु आवश्यक हुन्छ । विपद् जोखिम न्यूनीकरणमा भइरहेका कार्यलाई थप प्रभावकारी र प्रतिफलमुखी बनाउन "विद्यमान जोखिम न्यूनीकरणका लागि भइरहेको लगानीमा वृद्धि गर्ने र सार्वजनिक निजी लगानी मार्फत भविष्यमा उत्पन्न हुनसक्ने जोखिम न्यूनीकरण गर्ने" प्रयास गरिनेछ । यसका लागि देहायअनुसारका रणनीति अवलम्बन गरिनेछः

**रणनीति ७ः विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक र निजी क्षेत्रको लागानी प्रवर्द्धन**

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३० | **पूर्वाधारमा जोखिम न्यूनीकरणः**<br>सरकारी र सार्वजनिक भवन, विद्यालय, सडक, पुल, कलभर्ट, खानेपानीका पूर्वाधार, विद्युत वितरण, सञ्चारका साधनलगायतका भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम तर्जुमा, डिजाइन र निर्माण गर्दा जोखिम न्यूनीकरणका लागि आवश्यक बजेटको व्यवस्था गर्ने । | उपमहानगरबाट हुने लगानीमा निर्माण हुने सबै प्रकारका भौतिक पूर्वाधार र संरचना विपद् उत्थानशील भएका हुनेछन् । | नियमित | • स्थानीय विपद् व्यवस्थापन समिति<br>• पूर्वाधार विकास शाखा<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • अर्थिक मामिला तथा योजना मन्त्रालय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• विकास साझेदार |
| ३१ | **खोलाजन्य जोखिम न्यूनीकरणमा लगानीः**<br>दुधौरा, सिर्सिया, बालगंगा, | उपमहानगरबाट हुने नदी नियन्त्रणमा हुने लगानीका कारण | नियमित | • स्थानीय विपद् व्यवस्थापन | • अर्थिक मामिला तथा योजना मन्त्रालय |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | पसाहालगायतका खोलाको जोखिममा रहेका बस्ती, पूर्वाधारहरु तथा सम्पत्तिमा हुने क्षति न्यूनीकरणका लागि नदी नियन्त्रण तथा व्यवस्थापन र तटबन्ध निर्माणमा लगानी बढाउने । | खोला नदी व्यवस्थापन भई समुदाय र सम्पत्ति सुरक्षित भएका हुनेछन् । | | समिति<br>• पूर्वाधार विकास शाखा<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• विकास साझेदार<br>• संघीय सरकार |
| ३२ | **खानेपानी तथा जलाधार क्षेत्रको संरक्षणमा लगानी:** खानेपानी तथा सिँचाईको लागि दीर्घकालीन योजना निर्माण तथा कार्यान्वयन, जलाधार क्षेत्रको संरक्षण, पुनर्भरण पोखरी, आकासेपानी संकलन, मानिसको आवागमन नियन्त्रण, चरिचरण नियन्त्रण आदिमा लगानी बढाउने। | खानेपानीको दीर्घकालीन योजना निर्माण हुने र जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन भइ सुख्खा खडेरीको साथै खानेपानीको समस्या समाधान भएको हुनेछ । | २०८३ र निरन्तर | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा<br>• आर्थिक प्रशासन शाखा | • अर्थिक मामिला तथा योजना मन्त्रालय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• विकास साझेदार<br>• संघीय सरकार |
| ३३ | **वन संरक्षण तथा पर्यावरण र पारिस्थितिक पद्धतिको प्रवर्द्धन:**<br>वनक्षेत्रलाई प्राकृतिक रुपमा प्रवर्द्धन गर्न वन तथा खाली जग्गामा फलफूलका विरुवा सहितको वृक्षारोपण र सहरी हरियाली प्रवर्द्धन, कौशी खेती आदिका माध्यमबाट पर्यावरणीय तथा पारिस्थितिक पद्धतिको प्रवर्द्धनमा लगानी बढाउने । | वनक्षेत्रको विकास पर्यावरणीय तथा पारिस्थितिक पद्धतिको प्रवर्द्धर्न र सहरी हरियाली प्रवर्द्धन भएको हुनेछ | २०८३ र निरन्तर | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• आर्थिक प्रशासन शाखा<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • संघीय सरकार<br>• प्रदेश सरकार<br>• पर्सा राष्ट्रिय निकुञ्ज<br>• सामुदायिक तथा साझेदारी वनहरु<br>• विकास साझेदार<br>• नागरिक समाज<br>• गैरसरकारी संस्थाहरु |
| ३४ | **वन्यजन्तुहरुको व्यवस्थापन:** वनक्षेत्र र वस्तीको सिमानामा उपयुक्त प्रकारको बारवेरा गरी वन्यजन्तुबाट | वन्यजन्तुको व्यवस्थापन हुनुका साथै समुदायमा वन्यजन्तु आतङ्क | २०८३ र निरन्तर | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत | • संघीय सरकार<br>• प्रदेश सरकार<br>• पर्सा राष्ट्रिय निकुञ्ज |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | वस्ती सुरक्षित गराउन लगानी बढाउने । | न्यून भएको हुनेछ । | | समिति<br>• आर्थिक प्रशासन शाखा<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • सामुदायिक तथा साझेदारी वनहरु<br>• विकास साझेदार<br>• नागरिक समाज<br>• गैरसरकारी संस्थाहरु |
| ३५ | **पूर्वाधारहरूको प्रबलीकरण:** जोखिमयुक्त अवस्थामा रहेका विद्यालय, अस्पताल, स्वास्थ्य संस्था, खानेपानीका संरचना, तथा सार्वजनिक भवनहरू, ऐतिहासिक सम्पदा आदिको प्रबलीकरणमा लगानी बढाउने । | कमजोर भौतिक संरचनाको प्रबलीकरण भई विपदबाट हुने क्षति तथा नोक्सानी न्यून भई आधारभूत सेवा प्रवाहमा आउने अवरोध न्यून भएको हुनेछ । | २०८३ साल र निरन्तर | • पूर्वाधार विकास शाखा<br>• वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति | • अर्थिक मामिला तथा योजना मन्त्रालय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• विकास साझेदार |
| ३६ | **सुरक्षित शिक्षालय निर्माण:** शिक्षालयहरूलाई संरचनागत तथा गैह्रसंरचनात्मक रुपमा सुरक्षित बनाएर विपद् उत्थानशीलता अभिवृद्धि गर्ने। | विद्यालयमा रहेको विपद् जोखिम न्यूनीकरण भएर गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ । | २०८३ साल र निरन्तर | • पूर्वाधार विकास शाखा<br>• वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति | • अर्थिक मामिला तथा योजना मन्त्रालय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय<br>• विकास साझेदार |
| ३७ | **उत्थानशील स्वास्थ्य सेवाको विकास:** उपमहानगरपालिकामा रहेका स्वास्थ्य सेवालाई प्रभावकारी र सुदृढ बनाउन अस्पताल, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्रहरुको संरचनात्मक र गैरसंरचनात्मक सुदृढीकरण गर्ने । | उपमहानगरपालिका भित्र स्थापना भएका वा हुने स्वास्थ्य सेवा प्रदायक संस्थाहरू विपद् उत्थानशील भएर निर्वाध सेवा प्रदान गर्न सक्षम भएका हुनेछन् । | २०८३ साल र निरन्तर | • पूर्वाधार विकास शाखा<br>• वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति | • अर्थिक मामिला तथा योजना मन्त्रालय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• विकास साझेदार |
| ३८ | **सुरक्षित सडकको विकास:** उपमहानगरपालिकाबाट | उपमहानगरपालिका भित्र निर्माण हुने | नियमित | • पूर्वाधार | • अर्थिक मामिला |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | निर्माण हुने वा प्रदेश र केन्द्रको सहयोगमा निर्माण हुने सडक निर्माणका क्रममा नै सम्भावित दुर्घटना न्यूनीकरणका उपाय अवलम्बन गर्ने र सडकको उपयोगबारे चेतना अभिवृद्धि गरी सडक सुशासन सुनिश्चित गर्न लगानी बढाउने | सडकहरू सुरक्षित तथा सडकको उपयोगबारे नागरिक सुसूचित भई उत्थानशीलता अभिवृद्धि भएका हुनेछन् । | | विकास शाखा<br>• वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति | तथा योजना मन्त्रालय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय<br>• ट्राफिक प्रही<br>• विकास साझेदार<br>• नगर प्रहरी |
| ३९ | **कृषि विकास:**<br>विपद् र जलवायु परिवर्तनबाट कृषिमा क्षेत्रमा हुने क्षति न्यूनीकरण गर्न र कृषि सूचना प्रणालीको विकासमा लगानी बढाउने । | विपद् र जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा पर्ने प्रभाव न्यून भएर कृषि उत्पादनमा वृद्धि भएको हुनेछ । | २०८३ र नियमित | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• कृषि विकास शाखा | • भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| ४० | **विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण:**<br>उपमहानगरका विकासका विषयगत क्षेत्रका योजना तर्जुमा तथा कार्यान्वयनमा जोखिम न्यूनीकरणका लागि लगानी बढाउने । | विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण भएर विपद् उत्थानशिल उपमहानगरको विकास हुनेछ । | २०८३ साल र नियमित | • पूर्वाधार विकास शाखा<br>• योजना तथा पूर्वाधार महाशाखा | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• विषयगत महाशाखा तथा शाखाहरु<br>• निजी क्षेत्र<br>• दातृ निकाय<br>• विकास साझेदार |
| ४१ | **सामाजिक सुरक्षामा लगानी:**<br>विपद् जोखिम क्षेत्रमा सामाजिक सुरक्षा, आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य, बाल स्वास्थ्य, किशोर किशोरीको स्वास्थ्य र पोषण सुधारमा विशेष ध्यान दिने | सामाजिक विकासमा हुने लगानीका कारण विभिन्न जोखिम न्यून भई समाज उत्थानशील भएको हुनेछ । | नियमित | • सामाजिक तथा आर्थिक विकास महाशाखा<br>• जनस्वास्थ्य प्रवर्द्धन शाखा | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• सामाजिक विकास मन्त्रालय<br>• विकास साझेदार<br>• नेपाल रेडक्रस सोसाइटी |
| ४२ | **अपाङ्गमैत्री संरचना:**<br>सरकारी कार्यालय, | भौतिक पूर्वाधार अपाङ्ग तथा वृद्ध-वृद्धा | नियमित | • पूर्वाधार विकास शाखा | • वातावरण तथा विपद् व्यवस्थापन |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | सामुदायिक भवन, विद्यालय, अस्पताल र आश्रयस्थलहरू बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्ग मैत्री बनाउने | मैत्री भएका हुनेछन् । | | • सामाजिक तथा आर्थिक विकास महाशाखा | विषयगत समिति<br>• सामाजिक विकास मन्त्रालय<br>• विकास साझेदार<br>• नेपाल रेडक्रस सोसाइटी उपमहानगर कार्यालय |
| ४३ | **जैविक प्रविधिको प्रयोग:** दुधौरा, सिर्सिया, बालगंगा, पसाहालगायतका खोला तटीय क्षेत्रमा बाढीबाट हुने कटान, पटान न्यूनीकरणका लागि जैविक बाँध र वृक्षारोपण गरी संरक्षण गर्ने। | नदी तटीय क्षेत्र सुरक्षित भई जोखिम न्यूनीकरण भएको हुनेछ । | नियमित | • पूर्वाधार विकास शाखा | • स्थानीय विपद् व्यवस्थापन समिति<br>• निजी क्षेत्र<br>• विकास साझेदार<br>• नेपाल रेडक्रस सोसाइटी |
| ४४ | **व्याज र करमा छुट:** जोखिमयुक्त निजी आवास, होटल, सपिङ्ग मल, व्यवसायिक तथा औद्योगिक भवनहरू प्रबलीकरणको लागि कम ब्याज दरमा ऋण, कर छुट आदिद्वारा प्रोत्साहन गर्ने | कर र व्याजमा छुट भएर उद्योगी, व्यवसायी र आम समुदायमा पुराना भौतिक पूर्वाधारमा रहेको जोखिम न्यूनीकरण भएको हुनेछ । | नियमित | • सामाजिक तथा आर्थिक विकास महाशाखा | • स्थानीय विपद् व्यवस्थापन समिति<br>• नगर कार्यपालिका<br>• नगरसभा |
| ४५ | **शहरी ढल व्यवस्थापन:** शहरी ढल निकास प्रणाली निर्माण गर्ने तथा विद्यमान ढल निकास प्रणालीको स्तरोन्नती गर्ने | शहरी क्षेत्रमा बढ्दै गरेको डुवानको जोखिम कम भएको हुनेछ । | नियमित | • पूर्वाधार विकास शाखा<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• विषयगत शाखा<br>• समुदाय |
| ४६ | **औद्योगिक प्रदूषण न्यूनीकरण:** उद्योगहरुबाट उत्सर्जन हुने धुवाँ, धुलो तथा रासायनिक प्रदूषण न्यूनीकरणका लागि नीतिगत व्यवस्था गरी | उद्योगहरुबाट उत्सर्जन हुने धुवाँ, धुलो तथा जल प्रदूषणको जोखिम कम भएको हुनेछ । | २०८३ साल र निरन्तर | • पूर्वाधार विकास शाखा<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• उद्योग मन्त्रालय<br>• विषयगत शाखा<br>• समुदाय |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | त्यसका लागि निजी लगानी प्रवर्द्धन गर्ने । | | | | |
| ४७ | **विषयगत क्षेत्रमा मूलप्रवाहीकरण:** विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्य सुनिश्चित गर्न उपयुक्त कार्यक्रम र उचित बजेट विनियोजन गर्ने । | विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण भएर विपद् उत्थानशील उपमहानगरको विकास भएको हुनेछ | नियमित | • विषयगत महाशाखा र शाखाहरू | • स्थानीय विपद् व्यवस्थापन समिति<br>• विकास साझेदार |
| ४८ | **सुरक्षित व्यवसायिक प्रतिष्ठानको विकास:** व्यापार केन्द्र, औद्योगिक प्रतिष्ठान, कलकारखाना स्थापनास्थलको छनोट, निर्माण र सञ्चालन निश्चित मापदण्डका आधारमा गर्ने नीतिगत व्यवस्था गरी त्यसका लागि निजी लगानी प्रवर्द्धन गर्ने । | सञ्चालित र भविष्यमा स्थापना हुने उद्योग, व्यापारिक भवन र कलकारखाना र त्यसमा काम गर्ने कर्मचारी तथा मजदुर सुरक्षित भएका हुनेछन् । | २०८३ साल र नियमित | • सम्बन्धित निजी क्षेत्र | • स्थानीय विपद् व्यवस्थापन समिति<br>• प्रदेश सरकार |
| ४९ | **व्यवसाय निरन्तरता योजना**ः व्यापार तथा उद्योगहरूलाई विपद्को समयमा व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन गर्न प्रोत्साहन गर्ने | निजी तथा सार्वजनिक क्षेत्रका सबै निकाय र व्यवसायिक प्रतिष्ठान विपद्पछि पनि निरन्तर सञ्चालन भएका हुनेछ । | २०८३ र निरन्तर | • सम्बन्धित निजी क्षेत्र<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • स्थानीय विपद् व्यवस्थापन समिति<br>• प्रदेश सरकार |
| ५० | **जोखिम न्यूनीकरणका लागि प्रोत्साहन**ः विपद् जोखिम न्यूनीकरण गतिविधिहरूमा निजी क्षेत्रको स्रोत परिचालनलाई बढावा दिन उपयुक्त व्यवस्थाद्वारा प्रोत्साहनको व्यवस्था गर्ने | निजी तथा सार्वजनिक क्षेत्रबाट आवश्यक पर्ने स्रोत परिचालन भएको हुनेछ । | नियमित | • सामाजिक तथा आर्थिक विकास महाशाखा | • नगर कार्यपालिका<br>• नगरसभा<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय |

## रणनीति ८: विपद् जोखिम हस्तान्तरण

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५१ | **व्यक्तिगत विमा:** विपद्को उच्च जोखिममा रहेको व्यक्ति, परिवार र समूह तथा विपद् जोखिम व्यवस्थापनमा कार्यरत वा संलग्न कर्मचारी वा स्वयंसेवकको दुर्घटना र जीवन विमाको सुनिश्चित गर्ने। | विपदमा आधारित व्यक्तिगत दुर्घटना र जीवन विमामा वृद्धि भएर आर्थिक व्यवस्थापन सुनिश्चत भएको हुनेछ । | २०८७ साल सम्ममा र नियमित | • स्थानीय नागरिक<br>• वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति | • नगर कार्यपालिका<br>• नगरसभा<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ५२ | **समुदायमा आधारित बिमा:** समुदायमा आधारित, लघु बीमा, पशु बीमा, खेती बीमा, कृषक आरक्षित कोषको व्यवस्था गरी सिमान्तीकृत र भूमिहीन वर्ग वा गरिबीको रेखा मुनीका परिवारको बिमालाई अनुदानमा आधारित बनाएर विमक स्वतः लाभग्राही हुने व्यवस्था गर्ने । | समुदायमा विपद्बाट भएको क्षति पूर्ति भएर समुदायको आर्थिक विकासमा योगदान मिलेको हुनेछ । | नियमित | • नागरिक<br>• वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति | • नगर कार्यपालिका<br>• नगरसभा<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ५३ | **विपद् जोखिम विमाको प्रवर्द्धन:** उपमहानगरभित्र सञ्चालन हुने सबै उद्योग, व्यवसाय, निजी तथा सार्वजनिक भवन एवं कृषि, पशुपालन आदिको विमा अनिवार्य गर्ने । | विपद जोखिम हस्तान्तरण भएर सम्भावित क्षतिको पूर्ति र राहत व्यवस्थापन सहज भएको हुनेछ । | २०८३ साल र निरन्तर | • निजी क्षेत्र | • नगर कार्यपालिका<br>• वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• नगरसभा<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ५४ | **जोखिम हस्तान्तरणमा अनुदान:** विपद् जोखिम हस्तान्तरणका | सिमान्तीकृत वर्गमा जोखिम | नियमित | • सामाजिक तथा | • नगर कार्यपालिका |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | विधि अवलम्बन गर्न आवश्यक कार्यविधि तयार गरी जोखिम हस्तान्तरण विधामा निजी लगानीलाई प्रोत्साहित गर्ने । | हस्तान्तरणको अभ्यास बढ्नेछ र उत्थानशीलता अभिवृद्धि भएको हुनेछ | | आर्थिक विकास महाशाखा | • नगरसभा<br>• वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• निजी क्षेत्र<br>• विकास सझेदार |
| ५५ | **अन्य स्रोत परिचालनः**<br>महत्वपूर्ण ऐतिहासिक पूर्वाधारहरू र सम्पदा भवनहरूको पुनर्निर्माणका लागि द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय स्रोतहरूको परिचालन गर्ने । | विपद् जोखिम न्यूनीकरणमा विभिन्न क्षेत्रको स्रोत परिचालन भएर उत्थानशील विकासमा योगदान मिलेको हुनेछ | नियमित | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति | • केन्द्र सरकार<br>• प्रदेश सरकार<br>• निजी क्षेत्र |
| ५६ | **सार्वजनिक तथा निजी सम्पत्तिको बिमा:**<br>सार्वजनिक भवनहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा महत्वपूर्ण पूर्वाधारहरू र निजी भवनहरू, उद्योग, व्यवसाय, कलकारखाना आदि सबै प्रकारका सम्पत्तिको बिमा गरी जोखिम हस्तान्तरणलाई अनिवार्य गराउने । | उपमहानगरका सबै प्रकारका सम्पत्तिको विपद्जन्य जोखिम हस्तान्तरण भएर आर्थिक क्षतिको पूर्ति सुनिश्चत भएको हुनेछ । | २०८३ साल र नियमित | • सामाजिक तथा आर्थिक विकास महाशाखा<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • नगर कार्यपालिका<br>• नगरसभा<br>• वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• निजी क्षेत्र<br>• विकास सझेदार |

## रणनीति ९ः समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रमको प्रवर्द्धन

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५७ | **जोखिम लेखाजोखा तथा नक्साङ्कन:**<br>विपद्को उच्च जोखिममा रहेका क्षेत्रका समुदायको विपद् जोखिम र क्षमता लेखाजोखा र जोखिम नक्साङ्कनमा लगानी | सबै समुदायको विपद् तथा जलवायु परिवर्तनसम्बन्धी जोखिम नक्साङ्कन भएको हुनेछ | २०८३ साल र नियमित | • वडा कार्यालय<br>• नागरिक र नागरिक समूह<br>• वातावरण तथा विपद् | • प्रशासन महाशाखा<br>• सामाजिक तथा आर्थिक विकास महाशाखा<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | बढाउने। | | | व्यवस्थापन शाखा | |
| ५८ | **जनचेतना अभिवृद्धिः** समुदायको प्रकृति, विपद्को प्रकार, प्रकृति, बारम्बारता र प्रभावका आधारमा जोखिम न्यूनीकरणका विधिसहित जनचेतना र क्षमता विकासका लागि लगानी सुनिश्चत गर्ने । | विपद् जोखिम न्यूनीकरणमा लगानी र चेतना वृद्धि भएको हुनेछ । | नियमित | • वडा कार्यालय<br>• नागरिक समूह<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • प्रशासन महाशाखा<br>• सामाजिक तथा आर्थिक विकास महाशाखा<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार |
| ५९ | **सामुदायिक समितिहरुको गठन र परिचालनः** विपद्को प्रकार, प्रकृति र प्रभावका आधारमा विशिष्ट कार्यक्रम तयार गरी समुदाय स्वयंलाई परिचालन गरेर विपद् जोखिम व्यवस्थापन कार्यक्रम सञ्चालन र प्रवर्द्धन गर्ने । | समुदायमा विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि भएको हुनेछ । | २०८३ साल र नियमित | • वातावरण तथा विपद् व्यवस्थापन शाखा<br>• वडा कार्यालय<br>• नागरिक समूह | • प्रशासन महाशाखा<br>• सामाजिक तथा आर्थिक विकास महाशाखा<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार |

## ३.४ प्राथमिकता प्राप्त क्षेत्र ४ः प्रभावकारी विपद् पूर्वतयारी

### रणनीति १०ः प्रभावकारी प्रतिकार्यका लागि सशक्त विपद् पूर्वतयारी

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ६० | **पूर्वतयारी योजना तर्जुमाः** आपत्कालीन समयमा खोज, उद्धार र राहत व्यवस्थापन जस्ता विपद् प्रतिकार्यका लागि पूर्वतयारी योजना निर्माण गर्ने। | उपमहानगरको विपद् प्रतिकार्य समन्वयात्मक र प्रभावकारी भएको हुनेछ | २०८३ सालमा निर्माण भएको र निरन्तर गर्ने | • वातावरण तथा विपद् व्यवस्थापन शाखा | • नगर कार्यपालिका<br>• वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• विकास साझेदार |
| ६१ | **आपत्कालीन सामग्री भण्डारगृह स्थापनाः** सुरक्षित स्थानमा आपत्कालीन | उपमहानगरमा आपत्कालीन समयमा | केही सामग्री भएको र | • वातावरण तथा विपद् व्यवस्थापन | • केन्द्र सरकार<br>• प्रदेश सरकार<br>• नगर |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | सामग्री भण्डारणका लागि भण्डारगृह स्थापना गरी विपद्को प्रकृति र जनसङ्ख्याका आधारमा सामग्री मौज्दात राख्ने । | आधारभूत सामग्रीको उपलब्धता सहज भएको हुनेछ । | अब निरन्तरता दिने | शाखा | कार्यपालिका<br>• वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• विकास साझेदार |
| ६२ | **आश्रयस्थलहरूको विकास:** शहरी तथा ग्रामीण दुबै क्षेत्रमा खुला स्थानको पहिचान तथा व्यवस्थापन गरी आपत्कालीन समयमा उपयोग गर्न सकिने गरी विकास गर्ने । | आपत्कालीन समयमा प्रभावित र घरबाट विस्थापितका लागि सुरक्षित आवासको सुनिश्चितता भएको हुनेछ । | २०८३ सालमा पहिचान गरिएको र नियमित विकास गर्दै जाने | • पूर्वाधार विकास शाखा<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• वडा कार्यालय<br>• नागरिक समाज<br>• सामुदायिक विपद् व्यवस्थापन समिति<br>• विकास साझेदार |
| ६३ | **विषयगत समूह (Cluster) को गठन:**<br>उपमहानगर स्तरमा आवश्यकताअनुसार विषयगत क्षेत्रको व्यवस्था गरी विपद्का समयमा परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राख्ने । | विषयगत क्षेत्रअनुरुप मानवीय सहयोग परिचालन प्रभावकारी रूपमा भएको हुनेछ । | २०८३ सालमा भएको र नियमित अद्यावधिक गर्दै जाने | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति | • प्रदेश सरकार<br>• सबै विषयगत महाशाखा र शाखाहरू<br>• विकास साझेदार<br>• निजी क्षेत्र<br>• सञ्चार माध्यम |
| ६४ | **सामुदायिक पूर्वतयारी:** समुदायमा आधारित विपद् व्यवस्थापन समिति र युवा स्वयंसेवकहरूलाई विपद्को सामना गर्नका लागि स्थान र विपद्को प्रकृतिको आधारमा तालिम दिई तयारी अवस्थामा राख्ने । | विपद्का समयमा व्यक्ति, परिवार र समुदायको जीवन र सम्पत्तिको रक्षामा स्थानीयको सक्रिय सहभागिता वृद्धि भएको हुनेछ। | नियमित | • वडा कार्यालयहरु<br>• समुदायमा आधारित विपद् व्यवस्थापन समिति | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• सुरक्षा निकाय<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ६५ | **विषयगत पूर्वतयारी योजना:** दूरसञ्चार, विद्युत्, बैङ्क, उद्योग, | विपद्का समयमा समेत सार्वजनिक र निजी क्षेत्रको | २०८३ साल र नियमित | सम्बन्धित क्षेत्रका सरोकारवाला | • विपद् व्यवस्थापन समिति |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | कलकारखाना, शिक्षालय, अस्पताल र स्वास्थ्य केन्द्र लगायत निजी तथा सार्वजनिक क्षेत्रका अत्यावश्यक सेवा प्रदायक निकायको आपत्कालीन योजना तयारीका लागि मार्गदर्शन गर्ने । | सेवा प्रवाह प्रभावकारी भएको हुनेछ । | | | • सुरक्षा निकाय<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ६६ | **स्वास्थ्य केन्द्रको सुदृढीकरण:** विपद्को उच्च जोखिम रहेका क्षेत्र र घना बस्ती भएका सहरी क्षेत्रमा आपत्कालीन उपचार केन्द्र स्थापना गर्ने । | आपत्कालीन अवस्थामा सबै मानिसले सहज रूपमा स्वास्थ्योपचार प्राप्त गरेका हुनेछन् । | नियमित | • सामाजिक तथा आर्थिक विकास महाशाखा | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• स्वास्थ्य मन्त्रालय<br>• सुरक्षा निकाय<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ६७ | **विशेष सेवा व्यवस्था:** भण्डार गृहहरूमा महिला, गर्भवती र स्तनपान गराउने महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बिरामीहरूका लागि आवश्यक पर्ने सामान तथा सहायक उपकरणहरू पर्याप्त मात्रामा भण्डारण गर्ने र ती सेवामा उनीहरूको पहुँच सुनिश्चित गर्ने । | विपद्का समयमा विशिष्ट आवश्यकता भएका सबै वर्गले आफ्ना आवश्यकता बमोजिमको मानवीय सहयोग प्राप्त गरेका हुनेछन्। | नियमित | वातावरण तथा विपद् व्यवस्थापन शाखा | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• सामाजिक तथा आर्थिक विकास महाशाखा<br>• सामाजिक विकास मन्त्रालय<br>• स्वास्थ्य मन्त्रालय<br>• सुरक्षा निकाय<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ६८ | **मनोसामाजिक सेवा:** विपद्का कारण त्रासमा परेका वर्गलाई मनोसामाजिक सेवा प्रदान गर्ने विज्ञ वा सेवकको पूर्व वन्दोवस्त गर्ने | विपदबाट मानसिक सन्तुलन गुमाएका वा विक्षिप्त भएका व्यक्तिको जीवन सामान्य अवस्थामा | २०८३ साल र नियमित | सामाजिक तथा आर्थिक विकास महाशाखा | • स्थानीय विपद् व्यवस्थापन समिति<br>• सामाजिक विकास मन्त्रालय<br>• सुरक्षा निकाय<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | आएको हुनेछ । | | | |

## रणनीति ११: बहू-प्रकोप पूर्वसूचना प्रणालीको विकास

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ६९ | **पूर्वसूचना प्रणालीको विकास:** दुधौरा, सिर्सिया, बालगंगा, पसाहालगायतका जलाधार क्षेत्रमा प्रदेश सरकारसँग समेत समन्वय गरेर अन्तर स्थानीय तह पूर्वसूचना प्रणालीको विकास र विस्तार गर्ने । | सबै खोलामा आउने बाढी बारे माथिल्लो र तल्लो तटीय क्षेत्रका समुदाय समयमै सूचना पाएर सुरक्षित भएका हुनेछन् । | २०८३ साल र नियमित | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • जल तथा मौसम विज्ञान कार्यालय<br>• उपमहानगर आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• सुरक्षा निकाय<br>• विकास साझेदार<br>• नगर प्रहरी |
| ७० | **समुदायमा आधारित पूर्वसूचना:** पूर्वसूचनामा पहुँच नभएका ग्रामीण क्षेत्रका समुदायका लागि समुदायमा आधारित पूर्वसूचना प्रणालीको प्रवर्द्धन गरी पहुँच कायम गराउने । | विपदबारेका सूचना समुदायले सहजता साथ प्राप्त गरी विपद्को समयमा जीवन र सम्पत्ति रक्षा गर्न सफल भएका हुनेछन् । | नियमित | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • जल तथा मौसम विज्ञान कार्यालय<br>• उपमहानगर आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• सुरक्षा निकाय<br>• विकास साझेदार<br>• नगर प्रहरी |
| ७१ | **दूरसञ्चारको उपयोग:** दूरसञ्चार सेवा प्रदायकसँग समन्वय गरी बहूविपद् पूर्वसूचना अवधारणा अनुसार नेपाली र स्थानीय भाषामा एसएमएस सन्देशका माध्यमबाट पूर्वसूचना प्रवाहलाई प्रभावकारी बनाउने । | नागरिक तहसम्मा विपद्को पूर्वसूचना सम्प्रेषण भएको हुनेछ । | नियमित | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • जल तथा मौसम विज्ञान कार्यालय<br>• उपमहानगर आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• सुरक्षा निकाय<br>• विकास साझेदार<br>• नगर प्रहरी |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७२ | **सडक सूचनाः** सडकमा स्पष्ट लेन, सडक बत्ती, जेब्रा क्रसिङ निर्माण, सवारी सञ्चालन अनुशासन र नागरिक अनुशासनमा सुधार गरी सडक सुरक्षाका विधि, दुर्घटनाग्रस्तका सङ्केतसहित पूर्वजानकारी सङ्केतका चिन्ह र उपकरण प्रवर्द्धन गर्ने । | सडकका आधारभूत सेवा कार्यान्वयनमा आएर चालक र पैदल यात्रु तथा सडक उपयोगकर्तामा चेतना बढेर दुर्घटनामा कमी आएको हुनेछ । | २०८३ साल र नियमित | पूर्वाधार विकास शाखा | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• ट्राफिक प्रहरी<br>• नगर प्रहरी |
| ७३ | **विशेष वर्ग लक्षित पूर्वासूचनाः** आपत्कालीन समयमा महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सञ्चारसाधनबाट बञ्चित वा पूर्ण उपयोग गर्न नसक्ने व्यक्तिका लागि विशिष्ट प्रकारको सूचना सम्प्रेषण सामग्री निर्माण गर्ने । | समाजका सबै वर्ग विपद्को पूर्वसूचना प्राप्त गर्न सक्षम भएका हुनेछन् | नियमित | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• सुरक्षा निकाय<br>• विकास साझेदार |
| ७४ | **आन्तरिक सूचना प्रणालीः** सबै क्षेत्र र तहका सार्वजनिक तथा निजी भवन, विद्यालय, अस्पताल तथा महत्वपूर्ण पूर्वाधार, उद्योग तथा कलकारखाना, व्यापारिक केन्द्रमा विशिष्ट प्रकारका सूचना दिने उपकरण, धूवाँ डिटेक्टर र आगलागी अलार्म अनिवार्य रूपमा जडान गर्ने । | सबै तह र निकायमा विपद्को सम्भावित सङकेत प्राप्त भएर मानवीय क्षति न्यून भएको हुनेछ । | नियमित | • पूर्वाधार विकास शाखा<br>• सम्बन्धित सरोकारवाला<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• वडा कार्यालय<br>• सुरक्षा निकाय<br>• विकास साझेदार<br>• नगर प्रहरी |
| ७५ | **मौसम पूर्वानुमान सम्प्रेषणः** सबै प्रकारका मनसुनी गतिविधिको पूर्वसूचना प्रणालीलाई सरल र सबैले बुझ्ने भाषामा सम्प्रेषण गर्ने । | मौसमी गतिविधिबारे आम नागरिक समयमै सचेत भएका हुनेछन् । | नियमित | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• वातावरण तथा विपद् | • जल तथा मौसम विज्ञान कार्यालय<br>• उपमहानगर आपत्कालीन कार्यसञ्चालन केन्द्र |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | | | व्यवस्थापन शाखा | • सञ्चारमाध्यम<br>• विकास साझेदार<br>• सुरक्षा निकाय |

## रणनति १२: विपद् प्रतिकार्य क्षमता विकास

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७६ | **खोज तथा उद्धार कार्यदल गठनः**<br>उपमहानगरमा विपद् प्रतिकार्यका लागि नगर प्रहरी भित्र सामान्य खोज तथा उद्धार दल गठन गरी क्षमता विकास गर्ने । | उपमहानगरमा आफ्नै खोज तथा उद्धार कार्यदल भएर विपद् प्रतिकार्य प्रभावकारी भएको हुनेछ । | निरन्तर | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • सामाजिक तथा आर्थिक विकास महाशाखा<br>• नेपाल रेडक्रस<br>• विकास साझेदार |
| ७७ | **युवा स्वयंसेवक समूहको गठन र परिचालनः**<br>उपमहानगरपालिकामा विपद् प्रतिकार्यका लागि युवा स्वयंसेवक समूहको गठन गरी सामान्य खोज, उद्धार तथा लेखाजोखाका लागि क्षमता विकास गर्ने । | उपमहानगरमा आफ्नै खोज तथा उद्धार कार्यदल भएर विपद् प्रतिकार्य प्रभावकारी भएको हुनेछ । | निरन्तर | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • सामाजिक तथा आर्थिक विकास महाशाखा<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार |
| ७८ | **वडा तहमा द्रुत लेखाजोखा टोलीको गठन र क्षमता विकासः**<br>उपमहानगरपालिकाका सबै वडामा द्रुत लेखाजोखा टोलीको गठन र क्षमता विकास गरी प्रतिकार्यका लागि तयार गर्ने । | उपमहानगरमा आफ्नै द्रुत लेखाजोखा टोली भएर विपद् प्रतिकार्य प्रभावकारी भएको हुनेछ । | २०८३ | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • सामाजिक तथा आर्थिक विकास महाशाखा<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार |
| ७९ | **आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र क्षमता** | उपमहानगर आपत्कालीन | २०८३ सालमा | • वातावरण तथा विपद् | • सामाजिक तथा आर्थिक |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | **विकासः**<br>उपमहानगरपालिकामा आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने र क्षमता विकास गर्दैजाने । | कार्यसञ्चालन केन्द्रको समन्वय प्रभावकारी भएको हुनेछ । | स्थापना गरी नियमित स्तरोन्नती गर्दै जाने | व्यवस्थापन विषयगत समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | विकास शाखा<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार |
| ८० | **सिकाइ आदानप्रदान:**<br>उपमहानगरमा भएका विपद् व्यवस्थापनका कार्य र उपलब्धि, विपद्को प्रकार, प्रकृति, प्रभाव र मानिसको सामना क्षमतालगातका विषयमा अनुभव आदानप्रदानका लागि वर्षमा एकपटक कार्यशाला आयोजना गर्ने । | उपमहानगरका सबै बीच विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यमा ज्ञान आदानप्रदान भएर उत्थानशील विकासमा नयाँ सोचको विकास भएको हुनेछ । | वर्षमा एक पटक नियमित | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • सबै महाशाखा तथा शाखाहरु<br>• सुरक्षा निकाय<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ८१ | **आपत्कालीन स्वास्थ्य सेवा:**<br>विपदमा परेर घाइते भएका व्यक्तिको तत्कालीन उपचारका लागि दक्ष उपचारक र सामग्रीको पर्याप्तता सुनिश्चित गर्ने। | आपत्कालीन उपचार प्रभावकारी र सेवामा सबैको पहुँच कायम भएको हुनेछ | नियमित | जनस्वास्थ्य प्रवर्द्धन शाखा | • स्वास्थ्य मन्त्रालय<br>• विकास साझेदार |
| ८२ | **मापदण्डको विकास:**<br>विपदबाट प्रभावित व्यक्ति तथा समुदायलाई मानवीय सहायता उपलब्ध गराउन आधारभूत मानवीय मापदण्डको विकास गर्ने । | विपद् प्रभावितले न्यूनतम मापदण्डमा आधारित मानवीय सहयोग प्राप्त गरेका हुनेछन् । | २०८३ मा मापदण्ड तयार गरी र नियमित अद्यावधिक गर्ने | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • नगर कार्यपालिका<br>• नगरसभा<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार |

रणनीति १३ : “अझ राम्रो र बलीयो निर्माण” सहित पुनःस्थापना र पुनर्निर्माण

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ८३ | **मापदण्ड निर्माण**:<br>विपद्पछि हुने सबै प्रकारका भौतिक पूर्वाधारको पुनर्निर्माण मापदण्ड तयार गर्ने । | विपद्पछिको पुनर्निर्माण जोखिमरहित भएको हुनेछ । | २०८४ साल | • पूर्वाधार विकास शाखा<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• नगर कार्यपालिका<br>• नगरसभा<br>• विकास साझेदार |
| ८४ | **पुनःस्थापन कार्यविधि:**<br>विपद् प्रभावित परिवारको पुनर्वास तथा पुनःस्थापना निर्देशिका तयार गर्ने । | विपद्पछिको पुनःस्थापना सुरक्षित भएको हुनेछ | २०८३ साल | • वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन शाखा | • सामाजिक तथा आर्थिक विकास महाशाखा<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार |
| ८५ | **प्रविधि हस्तान्तरण:**<br>विपद्पछिको पुनर्निर्माणलाई अझ बलियो र राम्रो बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रविधि प्राप्त गर्न पहल गर्ने। | विपद्पछिको पुनर्निर्माणमा अत्याधुनिक प्रविधिको उपयोग भएको हुनेछ । | नियमित | • पूर्वाधार विकास शाखा | • केन्द्र र प्रदेश सरकार<br>• विकास साझेदार |
| ८६ | **समावेशी निर्माण:**<br>विपद् प्रभावित क्षेत्रमा भौतिक पूर्वाधार जस्तैः बृद्धाश्रम, अनाथालय, सामुदायिक भवन आदिको पुनर्निर्माण तथा मर्मत सम्भार गर्दा महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू र बालबालिकाको विशेष आवश्यकताको सम्बोधन गर्ने। | विपद्पछिको पुनर्निर्माण र पुनःस्थापन सबै वर्गमैत्री र सहज पहुँचयुक्त र उत्थानशील भएको हुनेछ । | आवश्यकताअनुसार | • पूर्वाधार विकास शाखा | • वातावरण तथा विपद् व्यवस्थापन शाखा<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार |

# अध्याय ४:
# वित्तीय व्यवस्था र अनुगमन तथा मूल्याङ्कन

## ४.१ वित्तीय व्यवस्थाः

उपमहानगरपालिकाले यस रणनीतिक कार्य योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक आर्थिक व्यवस्था देहायका स्रोतबाट गर्नेछ:

१. **आन्तरिक स्रोत बाँडफाँड**
- विपद् व्यवस्थापन कोष
- उपमहानगरका विषयगत महाशाखा र शाखाहरूको नियमित बजेट ।
- विषयगत शाखामा रहेको विपद् जोखिम व्यवस्थापन कार्यक्रमको लागि विनियोजित बजेट
- विपद्पछि पुनर्लाभ र पुनर्निर्माणका लागि स्थापित कोष
- प्रमुख विपद्का घटनापछि अन्य आयोजनाको बजेटबाट सोही विषयगत क्षेत्रको लागि पुनर्स्थापना र पुर्ननिर्माणमा उपयोग गर्ने गरी हुने "बजेट रकमान्तर" ।

२. **उपमहानगरको सार्वजनिक व्यय व्यवस्थापन**
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरू वा कार्यक्रमको बजेट
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा उपलब्धिमा आधारित अनुदान
- विपद् जोखिम न्यूनीकरणको अतिरिक्त व्ययभारको लागि थप अनुदान

३. **नियामक प्रक्रियाबाट प्राप्त स्रोत**
- निर्माण नियमहरू, निर्माण संहिता र निर्माण उद्योग लाइसेन्सका शर्तहरू ।
- खरिद सम्झौताका शर्तहरू ।
- विमा, बैंकिङ्ग कारोबार र कर्जाका शर्तहरू ।
- सम्पत्तिको मूल्याङ्कन र खरिद विक्री दस्तुर ।
- प्राकृतिक श्रोतसाधनहरू (वनजङ्गल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, गिटी, बालुवा, खानी तथा खनिज, माछा आदि) बाट प्राप्त रोयल्टी ।

४. **विपद् व्यवस्थापन कोषको परिचालन**
- सङ्घ र  प्रदेशबाट स्थापना भएका विपद् व्यवस्थापन कोषमा सञ्चित रकम
- समुदायमा आधारित समूहहरूबाट स्थापना भएका सामुदायिक विपद् व्यवस्थापन कोष।
- द्विपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्र संघ अन्तर्गतका निकाय र अन्य विकास साझेदारहरूबाट कोषमा जम्मा भएको सहयोग ।
- औद्योगिक  तथा व्यापारिक संस्था, वित्तीय प्रतिष्ठानहरूले स्थापना गरेका कोष वा सरकारी वा गैह्रसरकारी निकायबाट स्थापना भएका कोषमा गरिएको अनुदान सहयोग।

५. **उपमहानगरपालिकाका लागि आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त कार्यक्रम सहयोग**
- नेपाल सरकारबाट विपद् जोखिम न्यूनीकरणका लागि प्राप्त विशेष कार्यक्रम र बजेट ।

- द्विपक्षीय तथा बहूपक्षीय सहयोगबाट प्राप्त विकास कार्यक्रम र बजेटमा निर्धारित रकम।
- दातृ निकाय, रेडक्रस अभियान, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट विपद् जोखिम व्यवस्थापन र मानवीय सहयोगका लागि सञ्चालन हुने कार्यक्रम, परियोजना आदिबाट परिचालन हुने रकम ।
- अन्य वैदेशिक सहयोग, अनुदान र ऋण सहयोग अन्तर्गत प्राप्त हुने रकम ।

६. **अन्य स्रोतबाट उपमहानगरपालिकालाई प्राप्त हुने स्रोत**

- जोखिम हस्तान्तरणका माध्यमबाट विपद्पछि बिमितले दावी गरी प्राप्त गर्ने बीमा सुविधा तथा दावी फछ्र्योट ।
- विपद् व्यवस्थापनका लागि सरकारबाट निजी क्षेत्र वा नागरिकले प्राप्त गर्ने प्रोत्साहन ।
- विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन रणनीतिक कार्यका लागि सरकारले लगाउने अतिरिक्त कर वा शुल्क ।
- व्यवसायिक सामाजिक जिम्मेवारी र अन्य क्षेत्रबाट प्राप्त सहायता ।

## ४.२ रणनीतिक कार्ययोजनाको कार्यान्वयन

विपद् र जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनीकरणका लागि केन्द्र र प्रदेश सरकारको सहयोग तथा समन्वय र सार्वजनिक तथा निजी क्षेत्रसँगको साझेदारीमा उपमहानगरले काम गर्नेगरी विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा गरिएको छ । उपमहानगरपालिका क्षेत्रमा कार्यरत विभिन्न निकाय, गैह्रसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज र अन्य सरोकारवालाहरू, विकास साझेदार संस्था, राजनीतिक दललगायत समुदायमा आधारित संस्था र समूहहरूको साझा कार्यका रूपमा यसको कार्यान्वयन हुनेछ ।

विपद् र जलवायु उत्थानशील उपमहानगरको निर्माणमा केन्द्र र प्रदेश सरकारको सहयोग र सहकार्यको आवश्यकता पर्दछ । सबै क्षेत्रबाट विशिष्ट भूमिका निर्वाह भएमा मात्र गुणात्मक र परिमाणात्मक कार्यसम्पादन भएर विपद् उत्थानशील उपमहानगरको विकास सफल हुनेछ । यसका साथै विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयनको लागि उपमहानगरपालिकाले देहाय बमोजिमका उपायहरू अवलम्बन गरिनेछन्:

१. यस कार्ययोजनाको कार्यान्वयन तथा व्यवस्थापन पद्धतिमा समयानुकूल परिमार्जन गरी आवश्यकताअनुसार सुधार गरिनेछ ।
२. यस रणनीतिको कार्यान्वयन उपमहानगरपालिकाको आवधिक तथा वार्षिक कार्यक्रममा समायोजन गरी कर्यान्वयन गरिनेछ ।
३. विषयगत महाशाखा र शाखाहरूको कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिइनेछ ।
४. विपद् जोखिम न्यूनीकरण सम्बन्धी आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई निरन्तरता दिन प्राथमिकताका आधारमा बहूवर्षीय कार्यक्रम र बजेटको तर्जुमा गरी स्रोत व्यवस्थापन गरिनेछ ।
५. रणनीतिका प्राथमिकतालाई परियोजनाको रूपमा विकास गरी कार्यान्वयन गरिनेछ ।

## ४.३ अनुगमन तथा मूल्याङ्कनः

यस रणनीतिक कार्ययोजनाले निर्धारण गरेअनुसार सञ्चालन भएका कार्यक्रमको अनुगमन मूल्याङ्कन वार्षिक तथा आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनकै एक भागको रुपमा गरिनेछ । कार्ययोजनाअनुसार नै आवश्यक सूचक तयार गरेर देहायबमोजिम विधि अपनाइनछः

(क) यस रणनीतिका निर्दिष्ट क्रियाकलापका आधारमा विषयगत क्षेत्रअनुरुप अनुगमन र मूल्याङ्कनका लागि अलग-अलग सूचकसहितको ढाँचा तयार गर्नेछ ।

(ख) विषयगत महाशाखा र शाखाहरूले आफ्ना नियमित अनुगमन तथा मूल्याङ्कनका क्रममा नै विपद् जोखिम व्यवस्थापनका सूचकअनुसार अनुगमन तथा मूल्याङ्कन गरी त्यसको प्रतिवेदन विपद् व्यवस्थापन समितिमा पेश गर्नेछन् ।

(ग) वन, वातावरण तथा विपद् व्यवस्थापन समितिले त्यस्ता प्रतिवेदनको अध्ययन गरी आवश्यक परेमा आफैं पनि अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।प्राप्त अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन वन, वातावरण तथा विपद् व्यवस्थापन समितिले कार्यपालिकामा प्रस्तुत गरी प्रगति समिक्षा गर्नेछ र प्राप्त सुझाव अनुसार निर्णय लिनेछ ।

(घ) स्वीकृत सूचकका आधारमा भएको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमाथि वन, वातावरण तथा विपद् व्यवस्थापन समितिले अध्ययन गरी आवश्यक परेमा बाह्य तथा स्वतन्त्र अनुगमन तथा मूल्याङ्कन विज्ञबाट अनुगमन तथा मूल्याङ्कन गराउन सक्नेछ ।

## ४.४ पुनरावलोकन र अध्यावधिकः

सामान्यतया यस रणनीतिक कार्ययोजनाको पुनरावलोकन पाँच वर्षमा गर्न सकिनेछ । यद्यपि, रणनीतिक कार्ययोजनाको कार्यान्वयनबाट प्राप्त अनुभव, परिवर्तित वातावरणका आधारमा वातावरण तथा विपद् व्यवस्थापन विषयगत समितिले आवश्यकता हेरी कुनै पनि समयमा पुनरावलोकन गर्न सक्नेछ । रणनीतिक कार्ययोजनालाई पुनरावलोकन र अद्यावधिक गर्दा यससँग सम्बद्ध सबै निकाय, विकास साझेदार, निजी क्षेत्रलाई समेत सहभागी गराइनेछ । रणनीतिक कार्य योजनालाई देहायका अवस्थामा पुनरावलोकन र अद्यावधिक गरिनेछः

१. केन्द्र र प्रदेशका वा उपमहानगरपालिकाका सम्बद्ध नीति र कानून परिवर्तन भएर रणनीतिक कार्ययोजनाको कार्यान्वयन कठिन भएमा ।

२. उपमहानगरपालिकामा विनाशकारी विपद् भएमा र त्यस्ता विपद्पछिको सिकाइका आधारमा रणनीतिक कार्ययोजनामा परिमार्जन गर्नु पर्ने भएमा ।

३. वार्षिक वा आवधिक अनुगमन तथा मूल्याङ्कन र समीक्षाबाट प्राप्त सुझावले परिवर्तन गर्न गरेको सिफारिस उपयुक्त देखिएमा ।

यो रणनीतिक कार्य योजना जीतपुरसिमरा उपमहानगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, **बमोजिम** विपद् व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाबाट स्वीकृत भई लागू गरिएको छ ।